जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९०१०१ विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



**भक्तिपूर्ण शुभकामना**

प्राचीन सभ्यताको परिचायक माता जानकीको उत्पति दिवस( जानकी नवमी) अवसरमा सम्पूर्ण विज्ञापनदाता, शुभेच्छुक, पाठक, शुभचिन्तकलगायतहरुमा हार्दिक मगंलमय शुभकामना व्यक्त गर्दै उत्तरोतर प्रगतिको कामना गर्दछौं ।

रेडियो टुडे ९१ मेगाहबर्ज | टीभी टुडे जनकपुर राष्ट्रिय च्यानल | जनकपुर टुडे राष्ट्रिय दैनिक
परिवार, जनकपुरधाम



वर्ष २५ •अंक ३४९ •२०८१ साल जेठ ४ गते शुक्रबार (17 May, Friday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।–


## जसपा नेपाल संसदीय दल एकजुट

# नीति तथा कार्यक्रम र बजेटका लागि लिखित सुझाव दिने

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी(जसपा)नेपाल विभाजनबिरुद्ध सर्वोच्च अदालतले अन्तरिम आदेश जारीगरेसँगै मधेश प्रदेशमा सभासदहरु एकजुट भएका छन् ।

मधेश प्रदेश संसदीय दलका नेता समेत रहेका मुख्यमन्त्री सरोज कुमार यादवको अध्यक्षतामा बिहीबार बसेको दलको बैठकमा सभासदहरुले एकजुट भएर फुटको प्रतिवाद गर्ने प्रतिबद्धता जनाएका छन् ।



मधेश प्रदेश सरकारबाट एमाले र माओवादी केन्द्रले समर्थन फिर्ता लिएपछि अल्पमतमा परेको सरकारलाई नयाँ समीकरण बनाएर बहुमत सिद्ध गर्नेमा सभासदहरुले जोड दिएका छन् ।

बैठकमा सहभागी सभासदहरुले प्रदेशमा संसदीय दल कुनै हालतमा विभाजित नहुने बताउँदै पार्टी फुटाउने षडयन्त्रकारीहरु विरुद्ध एकजुट भएर अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

प्रदेश सभामा जसपा नेपालको १९ जना सभासद रहेका छन् ।बैठकमा निवर्तमान मुख्यमन्त्री लालबाबु राउत बाहेक १८ जना सभासदको सहभागिता रहेको दलका प्रमुख सचेतक रामअशिष यादवले जनाएका छन् ।

प्रदेशको मुख्यमन्त्री निवासमा भएको संसदीय दलको बैठकमा सभासदहरुले संसदमा विश्वासको मत लिन शीर्ष तहमा सत्तासमीकरणको पहल गर्न आग्रह गर्ने धारणा व्यक्त गरेको प्रमुख सचेतक यादवले बताए ।

निवर्तमान मुख्यमन्त्री राउत संगठनको कार्यले काठमाण्डुमा रहेको बताइएको छ । दल विभाजनपछि राउतले क्षतिको भरपाइ गर्न लागिपरेका छन् ।

'गत हप्ता दलको बैठकमा सभासदहरुमा केही असन्तुष्टि र नोकझोक पनि भएको थियो' यादवले भने, बिहीबार सौहाद्रपूर्ण वातावरणमा भएको बैठकमा एकढिक्का भएर सबै समस्याको फेस गर्ने प्रतिबद्धता जनाएका छन् ।

प्रदेश सभासदहरुले सरकारको आगामी नीति तथा कार्यक्रम र जनमुखी तथा प्रभावकारी बजेट ल्याउन मुख्यमन्त्री यादवलाई सुझाव दिएको बताइएको छ ।

दलको बैठकमा मधेश सरकारको नेतृत्वलाई निरन्तरता दिँदै सभासदहरुले प्रदेश सभाबाट विश्वासको मत लिनेमा जोड दिँदै सरकारका लागि रहेको ३० दिनको समयावधी भन्दा पनि अगावै बिश्वासको मत लिनेमा जोड दिएका छन् ।

पार्टीलाई संघीय सत्तासीन दलहरुले षडयन्त्रपूर्वक फुटाइएको ठहरगर्दै पार्टीको हकमा स्वोच्च अदालतको आदेशले निर्वाचन आयोगमाथि प्रश्न चिन्ह खडा गरेको छ। सर्वोच्च अदालतको आदेशलाई सकारात्मक र अवसरको रुपमा लिदै पार्टीमा भएको फुट गलत र अवैधानिक रहेको पुष्टि गर्न सम्पूर्ण शक्ति लगाउने र मधेश प्रदेशले साथ दिने बैठकले निर्णय गरेको प्रमुख सचेतक यादवले बताए ।

पार्टी फुटबाट विचलित नहुन शीर्ष नेताहरुलाई मनोबल उच्च बनाइराख्न मधेशका सबै सांसद एक ढिक्का भएर लाग्ने निर्णय भएको बताउँदै यादवले भने-'पार्टी नेतृत्वलाई आत्मबल दिँदै पार्टी बचाउन आ आफनो तवरबाट सक्रिय रुपमा लाग्ने निर्णय भएको छ ।'

पार्टी फुटलाई वैधानिकता प्रदान गरेको निर्वाचन आयोगकोविरुद्ध भण्डाफोर अभियान चलाउने जसपा नेपालको केन्द्रीय समितिको बैठकले निर्णय गरेको छ । निष्कृय भइसकेको कानुनलाई टेकेर फुटेको पार्टीलाई वैधानिकता दिने निर्वाचन आयोगविरुद्ध देशव्यापी रुपमा अभियान चलाउने निर्णय गरिएको छ ।

नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने योजनाहरु लिखित रुपमा संसदीय दललाई सुझाव दिनुपर्ने र त्यसमा सबै सभासदहरुले सक्रिय भूमिका निर्वाह गर्ने निर्णय गरिएको प्रमुख सचेतक यादवले बताए ।

जेठ महिनाको २८ गतेदेखि ३० गते सम्म जनकपुरधाममा हुने एकताको प्रथम महाधिवेशन निर्धारित समयमै सम्पन्न गर्नेर त्यसका लागि सबैजना आ आफनो तर्फबाट सहयोग र सक्रिय भूमिका निर्वाह गर्ने बैठकले निर्णय गरेको छ ।

संसदीय दलको बैठकमा विशेष आमन्त्रितको रुपमा प्रदेश अध्यक्ष बालकिशोर यादवलाई पनि निम्त्याइएको थियो ।

जसपा नेपालको एकमात्र सभासद रहेको कोशी प्रदेशमा र तीनजा सभासद रहेको लुम्बिनी प्रदेशमा दुई जना सभासदले साथ छाडेका छन् । उनीहरु जसपा रोजेका हुन् । तर फुटको प्रभाव मधेश प्रदेश संसदीय दलमा नरहेको नेताहरुले दावी गरेका छन् । प्रदेश गठन भएदेखि मधेश प्रदेशमा जसपा नेपालको नेतृत्वमा सरकार चलिरहेको छ ।










# मैथिली फिल्म 'मिलन' प्रदर्शनमा

**टुडे समाचारदाता**

जनकपुरधाम । मैथिली फिल्म 'मिलन' शुक्रबारदेखि नेपालमा पनि प्रदर्शन हुने भएको छ।



भारतको विभिन्न शहरमा प्रदर्शन गरिएको फिल्म मिलनले समाजमा रहेको विकृति विसंगति तथा पुरातनवादी सोचको विरुद्धमा निर्माण गरिएको मैथिली भाषाको फिल्म नेपालको विभिन्न सिनेमा घरमा प्रदर्शन हुने भएको छ।

जनकपुरधाममा बिहीबार पत्रकार सम्मेलन गर्दै 'मिलन' फिल्मका लेखक सन्तोष कुमार झाले समाजमा रहेको एकल महिलालाई विवाह गर्नु हुन्न भन्ने सामाजिक विकृतिजन्यविरुद्ध विधवा विवाहका विषयको सेरोफेरोमा रहेको र सोको सामाजिक सांस्कृतिकरुपमा तोडिने प्रयास गरेको बताए।

आर एस जे प्रडक्सनको प्रस्तुति रहेको 'मिलन' फिल्मको पत्रकार सम्मेलनमा निर्देशक सन्तोष कुमार झाले भारतको बिहारलगायतका विभिन्न प्रान्तमा सफल व्यापार गरेको बताए । उनले नेपालमा पनि दर्शकले यस फिल्मलाई मन पराउने भन्दै यहाँ पनि अपेक्षाकृत सफल हुने दावी गरे।

नेपालमा धनुषाको जनकपुरधाम, सिरहाको लहान, सप्तरीको राजविराज तथा मोरंगको विराटनगरको दुई वटा सिनेमा हलमा शुक्रबारदेखि 'मिलन' फिल्म प्रदर्शनमा गरिने छ।

यस फिल्मको नायकको भूमिकामा संजीवपूनम मिश्र रहेका छन् भने नायिका मेघा सक्सेना छिन्। यस फिल्ममा रहेका मुख्य नायक आइपिएस अफिसरको भूमिका छन्।

सो पत्रकार सम्मेलनमा नायक सञ्जिवपुनम मिश्र, मिनापका पूर्व अध्यक्ष सुनिल मल्लिक, मधेश प्रदेश चलचित्र बोर्डका सदस्यद्वय बिएन पटेल र पुष्पा यादवको समेत उपस्थिती रहेको थियो।

# स्वास्थ्य बीमा सम्वन्धी आधारभूत तालिम सुरु

**टुडे समाचारदाता**

वीरगञ्ज। बाराको कलैयामा स्वास्थ्य बीमा सम्वन्धी आधारभूत तालिम सुरु भएको छ।

सामाजिक स्वास्थ्य सुरक्षा अन्तर्गतको स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत कार्यक्रमका दर्ता सहयोगीहरुलाई ४ दिने आधारभूत तालिम जिल्ला संयोजक रमेश खनियाको अध्यक्षतामा बिहीबारबाट सुरु भएको छ।

तपाईको स्वास्थ्य हाम्रो अठोट भन्ने मुख्य नारा सहित सुरु गरिएको तालिमले स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी ढङ्गले संचालन सहयोग पुग्ने आयोजकको अपेक्षा छ। तालिममा स्वास्थ्य बीमा कार्यक्रमका दर्ता सहयोगीहरुलाई परेका समस्याहरु माथि छलफल गरेर समाधान गर्नुका साथै बीमाका राष्ट्रिय नीतिहरु बारे जानकारी गराइने जनाइएको छ।



स्वास्थ्य बीमा कार्यक्रमका दर्ता सहयोगीहरुलाई केन्द्रित गरेर सञ्चालन गरिएको तालिममा गीता खत्री, धर्मेन्द्र कुमार गुप्ता, अक्षय कुमार महतो, मुन्नी कुमारी भण्डारी लगायत जिल्लाका ६० जना दर्ता सहयोगीहरुको सहभागिता रहेको छ। कार्यक्रममा स्वास्थ्य बीमा बोर्डका मधेश प्रदेश संयोजक मनोज पौडेल र रौतहट जिल्लाका जिल्ला संयोजक कामेश्वर साहले प्रशिक्षण दिइरहेका छन्।

# भन्सार छलेर ल्याइएको नौ लाखका कपडा बरामद

**टुडे समाचारदाता**

जलेश्वर । भन्सार छलेर ल्याइएको नौ लाख रुपैयाँभन्दा बढीका भारतीय कपडा महोत्तरी प्रहरीले बरामद गरेको छ । रामगोपालपुर नगरपालिका ६ स्थित सडक छेउबाट बेवारिसे अवस्थामा एक हजार १५७ थान कपडा बरामद गरिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जानकारी दिएको छ।



बरामद कपडामध्ये एक हजार र एक हजार पाँच सय दरका ७१५ थान साडी तथा सोही दरका ४४२ थान लेडिज कुर्ता सुरुवाल छन्।

रामगोपालपुर आसपासका क्षेत्रमा सीमा तस्करको चलखेल बढेको सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय जलेश्वरबाट खटी गएको गस्तीले सामानसहित बीआर ०६ बीएक्स ३३४० नम्बरको मोटरसाइकलसमेत नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी तथा सूचना अधिकारीसन्तुलालप्रसादजसवालले जानकारी दिए।यस्तै सीमा गस्तीमा रहेको प्रहरीले जलेश्वर नपा ३ बाट बीआर ०६ बीएल ४२२३ नम्बरको मोटरसाइकलसहित म्याक्स कम्पनीको ३६ लिटर मोविलसमेत नियन्त्रणमा लिएको छ।

गस्ती प्रहरीलाई टाढैबाटदेखि मोटरसाइकलसहित मोबिल छाडेर तस्कर फरार भएको प्रहरीको भनाइ छ । बरामद कपडाको आठ लाख ४१ हजार आठ सय र मोटरसाइकलको ६० हजार गरी नौ लाख एक हजार आठ सय रुपैयाँ तथा मोबिल र मोटरसाइकलको एक लाख एक हजार ६ सय रुपैयाँ प्रतिवेदन मूल्य कायम गरी कारबाहीका लागि जलेश्वर भन्सार कार्यालय बुझाएको जिल्ला प्रहरीले जनाएको छ।

# चुरे विनाशको असर : खानेपानीको समस्या विकराल

जनकपुरधाम । तराई-मधेसका जिल्लाहरुमा लोकमार्गदेखि दक्षिणी भेगमा हातेकल सुक्न थालेपछि व्यापकरुपमा खानेपानीको समस्या देखिन थालेको छ। तराई-मधेस क्षेत्रमा खानेपानीका लागि सबैभन्दा चल्तीको साधन हातेकल हो । चैतदेखि सुरू भएको चापाकल सुक्ने समस्या वैशाखसम्ममा विकराल बनेको छ।

चापाकल सुक्ने समस्या पछिल्ला दिन बढ्दै गएपछि धनुषाको क्षीरेश्वरनाथ नगरपालिकालगायत स्थानीय तहले बढी सङ्कट देखिएका स्थानमा ट्याङ्करबाट पानी बाँडिरहेका छन् । मोटर जडान गरिएर खानेपानीका लागि पर्याप्त पानी उपलब्ध हुने दक्षिणी भेगमा देखिएको समस्याको समाधान नभए विकराल परिस्थिति आउने स्थानीयहरूले चिन्ता जाहेर गरेका हुन्।

यता मधेस प्रदेशको राजधानी जनकपुरधाममा नै खानेपानीको अभाव देखिन थालेको छ। जनकपुरधाम नगर क्षेत्रमा दैनिक दुई करोड ५० लाख लिटर पानीको माग रहे पनि खानेपानी संस्थान जनकपुरधामले पाइपमार्फत वितरण गर्ने दैनिक ३० लाख लिटर पानी मात्र आपूर्ति गर्दै आएको छ। यसरी संस्थानले १२ प्रतिशत घरमा मात्र पाइपमार्फत पानी आपूर्ति गर्दै आइरहेको र ८८ प्रतिशत घरधुरी अहिले पनि खानेपानीको पहुँच बाहिर रहेको देखिन्छ।

सुक्खायामा यहाँका चपाकलहरु सुख्ने गरेका गर्छन् भने खानेपानी संस्थानले सबै ठाउँमा पानीसमेत पुर्‍याउन नसकिरहेको अवस्थामा जनकपुरधाममा निकट भविष्यमै खानेपानीको गम्भीर समस्या उत्पन्न हुने सर्वसाधारणको भनाइ छ । मधेश प्रदेशको राजधानीमै खानेपानीमा समस्या देखिए पनि यस विषयमा प्रदेश सरकार गम्भीर नदेखिएको स्थानीयवासीको गुनासो छ।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कअनुसार मधेशप्रदेशकोराजधानी जनकपुरधाममा ४० हजार चार सय नौ घर परिवारमध्ये खानेपानी सस्थानले हालसम्म चार हजार छ सय ८५ घरमा मात्र धारा जडान गरेको छ। जडान गरेको धारामध्ये ४४ प्रतिशत जति घरमा आंशिक रुपमा मात्र पानी आउने गरेको छ। संस्थानले जनकपुरधाम उपमहानगरपालिकामा रहेका २५ वटा वडामध्ये १४ वटा वडामा चार हजार छ सय ८५ घरमा मात्रै धारा जडान गरेको र जडान भएको धारामध्ये ५६ प्रतिशतमा मात्रै पूर्णरुपमा पानी आउने गरेको संस्थानका प्रमुख विष्णुदेव साहले बताउनुभयो।

संस्थानले जनकपुरधाम-१० र रामानन्द चोकमा निर्माण भएको चार लाख ५० हजार क्षमताका दुईवटा ओभरहेड ट्याङ्कीमा छ वटा डिपबोरिङबाट सङ्कलित भूमिगत पानीलाई प्रशोधन गरी वितरण गरिरहेको छ। तर ३४ वर्ष पुरानो वितरण प्रणालीका कारण ठाउँठाउँमा पाइप फुटेको, चर्केको र जीर्ण रहेकोले धैरै ठाउँमा खानेपानी पुर्‍याउन नसकिएको प्रमुख साहले बताउनुभयो । सीमित बजेटका कारण ३४ वर्ष पुरानो तथा जीर्ण पाइपका कारण सबै वडामा खानेपानीको आपूर्ति गर्न सकेको छैन । करिब ५० प्रतिशत मात्रै नियमित रुपमा पानी आपूर्ति हुने गरेको छ।

संस्थानले चालु आर्थिक वर्षमा कार्यालयभित्र रु एक करोड ३० लाख मूल्य बराबरको लागतमा थप पाँच लाख लिटर क्षमताको ट्याङ्की, चार करोडभन्दा बढीको लागतमा मुजेलिया प्रहरी चौकीदेखि वडा नं ८ स्थित होटल सियाशरणसम्म छ लेन सडक छेउमा सात किलोमिटर लामो सडकको दायाँबायाँ ८/८ इन्चको पाइप बिछ्याउने कार्य गरिरहेको छ । सीमित स्रोतसाधन भए पनि संस्थाले पाँच लाख लिटर पानी भण्डारण हुने र चालु आर्थिक वर्षमा थप एक हजार धारा जडान गर्ने लक्ष्य लिएको छ।

**यस सुक्दैछ हातेकल**

जलस्रोत विज्ञहरूले चुरेको दोहन र लामो समयदेखि पानी नपरेपछि भूमिगत पानी पुर्नभरण नहुनुले मधेश प्रदेशका केही जिल्लामा भूमिगत पानीको सतह घटेर हातेकलहरूमा पानी नआएपछि खानेपानीका लागि समस्या उत्पन्न भएको बताएका छन् । चुरेविज्ञ डा विजयसिंह दनुवारको अनुसार मधेस-प्रदेशमा हाल देखिएको खानेपानी समस्याको दीर्घकालीन समाधानका लागि एक मात्र विकल्प प्राकृतिक पुनर्भरणका रुपमा रहेको चुरे क्षेत्र भएकाले यसको संरक्षण नै यसको दिगो समाधान हो।

डा सिंहले पानीको समस्या समाधानका लागि राज्यले खास गरी मधेस प्रदेश सरकारले अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना निर्माण गरी अघि बढ्नुपर्ने सुझाव दिनुभयो । मधेस प्रदेश चुरे संरक्षण र विकास अनुसन्धानविज्ञ नागदेव यादवले दीर्घकालीन समस्या समाधानका लागि जलस्रोत क्षेत्रका विज्ञहरूले वृक्षरोपण, चुरेक्षेत्रको संरक्षण र मधेश प्रदेशको हाइड्रो जियोलोजिक सर्भे गरी प्रदेश सरकारले कार्यक्रमहरू तयार गर्नुपर्ने सुझाव दिनुभएको छ । उहाँले वर्षाको पानी जम्मा गरी ग्राउन्ड वाटर रिचार्ज गर्ने जस्ता कार्यक्रम निर्माण गर्न मधेस सरकारलाई सुझाव दिनुभयो।

चुरे विज्ञ विजयसिंह दनुवार बताउँछन्, "खोलामा जहाँसम्म राम्रो गिट्टी-बालुवा पाइन्छ, खोतल्ने रहेछन्। १०औं ठाउँमा खन्दा पानी रिचार्ज हुन नपाई बहावलाई असर पार्दो रहेछ।" उहाँले पनि चुरे र भावर क्षेत्रमा पोखरी वा बाँध बनाएर तराईमा पानी सङ्कट टार्न सकिने सुझाव दिँदै भन्नुभयो, "जसरी भारतले कोशी, नारायणी, महाकाली र गण्डकीलाई बाँधेर आफूलाई चाहिएको ठाउँ र समयमा पानी लैजान्छ । चुरे र भावर क्षेत्रका नदी-खोलामा पनि ड्याम बनाएर पानी जमाउन सकिन्छ।"

चुरे तराई-मधेस संरक्षण तथा व्यवस्थापन गुरुयोजना २०७४ अनुसार पूर्वदेखि पश्चिमसम्मकै तराईमा घरायसी प्रयोजन तथा सिँचाइमा जमिनमुनिको पानी प्रयोग हुँदै आएको छ । पानीको सतह घटबढ हुनुमा चुरे तथा भावर क्षेत्रमा हुने वर्षाको परिमाण, जमिनको सोस्ने क्षमता, गिटी-बालुवाको उत्खनन्को परिणाम र प्रक्रिया आदिको प्रभाव रहन्छ।रासस

# ढैँचा मलको बीउ वितरण

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिला नगरपालिकाले अर्गानिक खेतीलाई प्रोत्साहन गर्न अनुदानमा ढैँचा (हरियो) मल वितरण गरेको छ । रासायनिक मल माथिको निर्भरता कम गर्न तथा तथा अर्गानिक खेतीलाई प्रोत्साहन गर्न नगरपालिकाले नगरभित्रका किसानलाई ७५ प्रतिशत अनुदानमा ढैँचा मल वितरण गरिएको छ।



मिथिला नगरपालिका कृषि शाखाका प्रमुख सञ्जयकुमार महतोले ११ क्विन्टल ढैँचा मल अनुदानमा वितरण गरिएको जानकारी दिए । यतिका बीउबाट अनुमानित एक हजार पाँच सय कठ्ठा खेतीयोग्य जग्गालाई पुग्ने उनले जानकारी दिए । नगरपालिकाले प्रति किलो एक सय ७० रुपैयाँ कायम गरेकोमा किसानसँग ४२ रुपैयाँ ५० पैसा लिएर ढैँचा मल उपलब्ध गराइएको छ।

कृषि शाखाका प्रमुख महतोले माटोको उर्वराशक्ति बढाउन रासायनिक मलको विकल्पमा ढैँचा मल उत्तम रहेको बताए । धान उत्पादनका लागि माटोमा चाहिने सम्पूर्ण पोषणत्व पूर्ति गर्ने भएकाले यो मलको प्रयोग बढाउन अनुदानमा बीउ बाँडिएको उनको भनाइ छ।

उनले भने-'जोतेको खेतमा यो बीउ छरेर सिँचाइ गर्नुपर्छ । बीउ छरेको २० देखि २५ दिनपछि ढैँचाको बोट तयार हुन्छ त्यसपछि पुनः खेत खनजोत गर्दा कुहिएर मल बन्छ । त्यसपछि लगाइने बालीमा अन्य मल राख्नुपर्दैन ।' रासायनिक मलको प्रयोग गरेर कृषि बालीबाट छिटो आम्दानी लिन खोज्ने किसानको बानीका कारण परम्परागत ढैँचा मलको प्रयोग गर्ने किसानको संख्या न्यून रहेको उनले बताए । सोही शाखाका कृषि प्राविधिक उमेश महतोले न्यून खर्चमा तयार हुने ढैँचा मलको प्रयोग गर्नसके रासायनिक मलमाथिको निर्भरता हट्ने र मल खरिदका लागि बाहिरिने रकम पनि जोगिने बताए । 'माटोको उर्वरा शक्ति बढाउन यो ढैँचा खेतीको अलावा मुङ्गको खेतीसमेत गर्न सकिन्छ।

मुङ्गको कोसा टिपिसकेपछि बोटलाई खेतमै खनजोत गर्दा त्यसबाट पनि मल बन्छ', उनले भने।

गत वर्ष शत प्रतिशत अनुदानमा दुई क्विन्टल ढैँचा मल वितरण गरिएको बताउँदै उनले विभिन्न तालिमको क्रममा ढैँचा (हरियो) मलको विशेषताबारे जानकारी गराएपछि अहिले यो मलको प्रयोग गर्ने किसानको संख्या बढेको कृषि प्राविधिक उमेशले बताए।

# सप्तरीमा युवकको शव फेला

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको राजविराज नगरपालिका-१३ स्थित खाँडो खोलामा युवकको शव भेटिएको छ। राजविराज नगरपालिका १३ प्रिपाहीका अशोक यादवको छोरा १९ वर्षीय सुनिल कुमार यादव बिहीबार दिउँसो मृत भेटिएका छन्।



राजविराज नपाको १३ स्थित पिप्राही र भेल्हीबीचको खाँडो खोलामा युवक मृत भेटिएका सप्तरीका प्रमुख प्रहरी उपरीक्षक गजुसिद्धी बज्राचार्यले जानकारी दिए । उनका अनुसार यादव साइकलसहित घोप्टो परेको अवस्थामा खोला किनारमा मृत फेला परेको र नाकबाट रगत आएको देखिएको सप्तरीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक बज्राचार्यले जानकारी दिए।

मृतक युवकको शरीरका विभिन्न भागमा चक्कु प्रहार भएको स्थानीयले बताए। बुधबार राती खाना खाएर घरपरिवारसँगै सुतेका उनी बिहीबार बिहान ३ बजेतिर नाति सुतेको ढोका खुल्ला रहेको पाइएपछि हेर्न जाँदा नभेटिएको हजुरआमा अमोलिया देवी यादवले बताए । हजुरबुवा र हजुरआमासँगै बस्दै आएको मृतक सुनिल घरबाट बेपत्ता भएपछि खोजतलास गर्ने क्रममा बिहीबार दिउँसो खाँडो खोलामा गाईभैंसी गोठालो गएकाहरूले देखेपछि प्रहरीलाई खबर गरेका थिए। मृतकका बुवा अशोक वैदेशिक रोजगारीको लागि विदेशमा रहेको तथा आमा दुई छोरी र कान्छो छोरो सहित राजविराजमा कोठा भाडा लिएर बस्दै आएको स्थानीयले बताएको छ।

## तपाईको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने। |
| बृष | : अवसर प्राप्त। |
| मिथून | : वाद विवादबाट बच्नु। |
| कर्कट | : पुरस्कार प्राप्त लाभ। |
| सिंह | : नयाँ कार्य हुने। |
| कन्या | : बौद्धिक क्षमता। |
| तुला | : प्रतिभा सम्पन्नता। |
| बृश्चिक | : शिक्षामा उन्नति। |
| धनु | : पारिवाहिक सुख। |
| मकर | : धन वृद्धि सञ्चय। |
| कुम्भ | : प्रेम प्रसंग, मित्र सुख। |
| मीन | : सुख समृद्धि हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# जुकाविरुद्धको औषधि र सचेतना अभियान सुरु

टुडे समाचारदाता

राजविराज। बालबालिकामा देखिने विभिन्न खाले स्वास्थ्य समस्या न्यूनीकरणका लागि सप्तरीको सामुदायिक विद्यालयहरुमा पोषणयुक्त आहार वितरणसंगै यसको महत्वबारे सचेतना अभियान थालिएको छ।

पोषण सप्ताह २०८१ को अवसर पारेर सेभ द चिल्ड्रेनकोसाभेदारीमासेभदसप्तरीलेयस्तो अभियान थालेको छ। विद्यार्थी र उनका अभिभावकहरुलाई समेत राखी जेठ १ गते देखि जिल्लाको राजविराज नगरपालिका, छिन्नमस्ता, तिलाठीकोईलाडी र विष्णुपुर गाउँपालिकाका विभिन्न वडास्थित ६३ वटा सामुदायिक विद्यालयमा यस्तो अभियान थालिएको छ। अभियान अन्तर्गत तेस्रो दिन बिहीबार विद्यार्थी र उनका अभिभावक समेतलाई राखेर पोषण सामग्री बितरणका साथै यसको महत्वबारे सुझाइएको सेभ द सप्तरीका अध्यक्ष ध्रुव प्रसाद देवले बताए।

बिहीबार नै अभियान अन्तर्गत विद्यार्थीहरुलाई जुकाविरुद्धको औषधि सेवन समेत गराइएको छ।



तालिम प्राप्त स्वास्थ्यकर्मी मार्फत विद्यालयका बालबालिकालाई जुकाको औषधि खुवाउन सुरु गरिएको र यो क्रम जेठ ७ गते सम्म चल्ने अध्यक्ष देवले जानकारी दिए।

साताव्यापी कार्यक्रम अन्तर्गत यसअघि पहिलो दिन पोषण सामाग्री वितरण र प्रर्दशनी, दोस्रो दिन पोषण सामग्रीको महत्वबारे सचेतना लगायतका कार्यक्रम गरिएको थियो।

अध्यक्ष देवका अनुसार अभियान अन्तर्गत जेठ ४ गते जुकाको औषधि सेवन गराउने कार्यलाई निरन्तरता, जेठ ५ गते सरसफाई बारे सचेतना, जेठ ६ गते अतिरिक्त क्रियाकलाप र जेठ ७ गते अन्तिम दिन विद्यालयमा स्वास्थ्य र सरसफाइको अवस्थाबारे अन्तरक्रिया र समीक्षा कार्यक्रम हुने जनाइएको छ।

यो कार्यक्रम संचालन भएपछि विद्यालयमा विद्यार्थीहरुको उपस्थिति बढ्नुका साथै उनीहरु पोषणयुक्त आहार बारे पूर्ण जानकार भएको जनता माध्यमिक विद्यालय विष्णुपुरका प्रधानाध्याक रुपकान्त मिश्रले बताए।

पोषण अभाव झेलिरहेका बालबालिकाको स्वास्थ्यस्तर उकास्न पनि यस्तो कार्यक्रम गरिएको आयोजक संस्थाले जनाएको छ।

# खेतको सिमाना विवादमा एकको हत्या

टुडे समाचारदाता

सिरहा। सिरहाको अर्नमा गाउँपालिका-२ स्थित ब्रह्मपुरीमा खेतको सिमाना विवादका क्रममा ५५ वर्षीय बचाइ महतोले कोदालो प्रहार गर्दा सोही उमेरका सँधियार बुधराम महतोको मृत्यु भएको छ।

कोदालो प्रहारबाट बधुरामको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ। लामो समयदेखि जमिन विवाद रहेको र उनीहरू बिहीबार बिहान पनि खेतमै भेट भएको समयमा विवाद चर्किएर घटना घटेको हुनसक्ने सो वडाका अध्यक्ष दीपेन्द्र महतोले जानकारी दिए।

अध्यक्ष महतोका अनुसार दुई सँधियारबिच लामो समयदेखि जमिनको विषयमा मुद्दा चलिरहेको थियो। घटना भएयता बचाइ फरार छन्। उनको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता प्रहरी नायब उपरीक्षक मुक्तिराम सापकोटाले बताए। उनका अनुसार प्रहरीले अहिले घटनास्थलमा पुगेर घटनाको अनुसन्धान गरिरहेको छ।

# अपाङ्गतामैत्री संरचना नहुँदा सार्वजनिक सेवा

जनकपुरधाम । धनुषाका अधिकांशसरकारीकार्यालयमाअपाङ्गतामैत्रीसंरचना नहुँदा सार्वजनिक सेवा लिन समस्या हुने गरेको अपाङ्गता भएका व्यक्तिले गुनासो गरेका छन्। विभिन्न सार्वजनिक निकायमा सेवा लिन जाँदा समस्या हुने गरेको उनीहरूले गुनासो गरेका हुन्।

विभिन्न सङ्घसंस्थामा काम गर्ने तथा सार्वजनिक निकायका सेवाग्राहीलाई अपाङ्गतामैत्री संरचना नहुँदा सास्ती हुने गरेको अपाङ्गता हुनुभएका सुनैन दासले बताउनुभयो। "यहाँका पुराना संरचनाका साथै नयाँ निर्माण भएका कार्यालय पनि अपाङ्गतामैत्री बनाइएका छैनन्", उहाँले भन्नुभयो, "सरकारी कार्यालयका भवन, शौचालय तथा बाटो अपाङ्गतामैत्री नहुँदा सेवा लिन जाँदा होस् वा काम गर्न जाँदा सास्ती हुने गरेको छ।"

हरेक सरकारी कार्यालय, भवन र बाटोलगायत संरचना अपाङ्गतामैत्री हुनुपर्ने सरकारी नीति भए पनि जिल्लाका अधिकांश सरकारी कार्यालय हालसम्म अपाङ्गतामैत्री बन्न नसकेका अपाङ्ग समाज जनकपुरधामका अध्यक्ष शत्रुधनलाल कर्णले बताउनुभयो। भौतिक संरचनाका कारण अपाङ्गता भएका व्यक्तिलाई सेवा लिन समस्या हुँदै आएको उहाँको भनाइ छ।

राष्ट्रिय अपाङ्ग महासङ्घ मधेस प्रदेशका अध्यक्ष किरणकुमार पासवानले भन्नुभयो, "जिल्लाका प्रायः सरकारी कार्यालय अपाङ्गतामैत्री छैनन्। सेवा लिन जाँदा हामीलाई निकै समस्या हुँदै आएको छ, हाम्रो मर्का कसले बुझ्ने ?" प्रदेशको राजधानी जनकपुरधाममा कम्तीमा ५० वटा सरकारी कार्यालय रहेका भन्दै कुनै पनि कार्यालय अपाङ्गतामैत्री नहुँदा सास्ती हुने गरेको उहाँले बताउनुभयो।

नयाँ बनेका केही भवनमा तल्लो तलासम्म मात्रै अपाङ्गतामैत्री सिँढी बनाइएको भन्दै कार्यालय प्रमुख तथा सेवा दिने प्रमुखको कार्यकक्षसम्म पुग्ने बाटो अपाङ्गतामैत्री नहुँदा झनै समस्या हुने गरेको नेपाल अपाङ्ग सङ्घअन्तर्गत खगेन्द्र जिल्ला सङ्घका सभापति नन्दकिशोर महासेठले गुनासो गर्नुभयो। "नियम पुर्याउनका लागि केही कार्यालयमा अपाङ्गतामैत्री बाटो बनाइएको छ। कार्यालय प्रमुख तथा सेवा दिने प्रमुखको कार्यकक्षसम्म बनाइएको छैन, यसलाई के अपाङ्गतामैत्री कार्यालय भन्नु र ?", उहाँले प्रश्न गर्नुभयो।

अधिकांश कार्यालय प्रमुखहरू माथिल्लो तलामा बस्ने परिपाटीले गर्दा अपाङ्गता भएका व्यक्तिलाई समन्वय गर्न थप कठिनाइ हुने अपाङ्गता हुनुभएकी आशाकुमारी यादवले बताउनुभयो। "कामका लागि त्यहाँ पुग्दा कार्यालय प्रमुख हामी तलै आएर भेट्छौँ भन्ने गर्नुहुन्छ", उहाँले भन्नुभयो, "यसले सहानुभूतिभन्दा बढी विभेद् र अपमानको महसुस गराउने गरेको छ।"

सार्वजनिक संरचनालाई पुनःनिर्माण गरी अपाङ्गतामैत्री बनाउन अनुरोध गर्दा पनि पुराना संरचना भएकाले अपाङ्गतामैत्री हुन नसकेका र नयाँ बन्ने संरचना अपाङ्गतामैत्री निर्माण गरिने आश्वासन दिने गरिएको यादको भनाइ छ। जिम्मेवार निकाय तथा व्यक्ति आफ्नो पदीय दायित्वबाट पन्छिने प्रवृत्तिले यस्तो समस्या आएको उहाँले बताउनुभयो।

जिल्लामा रहेका सरकारी कार्यालय अपाङ्गतामैत्री नभएकै कारण अपाङ्गता भएका व्यक्तिलाई भेटघाट गर्न, सरकारी सेवा सुविधा तथा औषधोपचार गराउन निकै कठिनाइ हुने गरेको जनकपुरधाम उपमहानगरपालिका-७ का स्थानीय मनिष साहले बताउनुभयो।

अपाङ्गताको क्षेत्रमा काम गर्दै आएका सङ्घसंस्थाले कैयौँ पटक बहस तथा अन्तर्क्रिया गरी सरकारी कार्यालय अपाङ्गतामैत्री बनाउन सम्बन्धित निकायलाई ध्यानाकर्षणगराएपनियसको सुनुवाइनभएको युवा सञ्जालका अध्यक्ष कुलदीप साहले बताउनुभयो। अपाङ्गता भएका व्यक्तिको हकहितका लागि विभिन्न सङ्घसंस्था क्रियाशील रहे पनि नियामक निकाय गम्भीर नहुँदा समस्या समाधान हुन नसकेको उहाँको भनाइ छ।

> " साहले भन्नुभयो, अपाङ्गता भएका व्यक्तिहरूको हकहितका लागि दर्जनौं सङ्घसंस्था क्रियाशील छन् तर अपाङ्गता भएकाको समस्या समाधान गर्ने नियामक निकाय गम्भीर नहुँदा समस्या जस्ताको त्यस्तै छ ।

साहले भन्नुभयो, "अपाङ्गता भएका व्यक्तिहरूको हकहितका लागि दर्जनौँ सङ्घसंस्था क्रियाशील छन् तर अपाङ्गता भएकाको समस्या समाधान गर्ने नियामक निकाय गम्भीर नहुँदा समस्या जस्ताको त्यस्तै छ।" उहाँका अनुसार राज्यले तोकेका सात किसिमका अपाङ्गता भएका व्यक्तिमा शारीरिक, बहिरा (सुन्न नसक्ने), सुस्त श्रवण भएका, न्यून दृष्टियुक्त, बोलाइसम्बन्धी अपाङ्गता, बौद्धिक अपाङ्गता, श्रवण दृष्टिविहीन र बहुअपाङ्गता हुन्।

यहाँका सरकारी कार्यालयमा भएका शौचालयसमेत अपाङ्गतामैत्री नहुँदा अपाङ्गता भएका व्यक्तिलाई शौच गर्न पनि समस्या हुने गरेको उनीहरूको गुनासो छ। नयाँ बनेका भवनको पहिलो तला मात्रै अपाङ्गतामैत्री बनाइने भएकाले अन्य तलाहरूमा जान सास्ती हुने गरेको बताइएको छ। ह्वीलचियर प्रयोगकर्ताले ह्वीलचियर घरमै छाडेर सहयोगी लिएर सेवा लिन जानुपर्ने बाध्यता रहेको बताउँछन्।

कुनै पनि संस्थागत भवनको नक्सा स्वीकृतगर्दाअपाङ्गतामैत्री हुनुपर्ने निर्देशिकाले अनिवार्य गरेको छ। निर्देशिकामा सरकारी भवन, विद्यालय, विश्वविद्यालय, अस्पताल, स्वास्थ्य संस्था, धार्मिकस्थल, कार्यस्थल, सार्वजनिक सडक, सडकपेटी, यात्रु प्रतिक्षालय र पार्किङस्थल 'पहुँचयुक्त अपाङ्गतामैत्री हुनुपर्ने' भनिएको छ।

धनुषा जिल्लाभित्रका कार्यालयहरूमध्ये लक्ष्मीनिया गाउँपालिका, उच्च अदालत र राष्ट्रिय मानवअधिकार आयोगले भौतिक संरचनामा सुधार गर्दै लगेको राष्ट्रिय अपाङ्ग महासङ्घ मधेस प्रदेशका प्रमुख प्रकाश नेपालीले बताउनुभयो। उहाँका अनुसार जिल्ला अदालत जनकपुरधामले साङ्केतिक भाषासहितको दोभासेको 'हेल्प डेस्क'को व्यवस्थालगायत काम गरिरहेको छ।

जिल्ला प्रहरी कार्यालय, सिनुरजोडा स्वास्थ्य केन्द्र लक्ष्मीनिया, लक्ष्मीनिया प्रहरी कार्यालयले पनि आफ्ना पुराना संरचनालाई पुनःनिर्माण गरी सुधार गर्ने प्रतिबद्धता जनाएका अपाङ्गता हुनुभएका आशाकुमारी यादव र भगत मण्डलले बताउनुभयो। धनुषामा अपाङ्गता भएका व्यक्ति पुरुष सात हजार चार सय ८७ र महिला पाँच हजार सात सय ७४ रहेका प्रदेशस्थित राष्ट्रिय अपाङ्ग महासङ्घले जनाएको छ।

पहुँचयुक्त संरचना निर्माणका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा प्रशस्त कानुनी आधारहरू भए पनि नीतिगत व्यवस्था कार्यान्वयन नहुँदा अपाङ्गता भएका व्यक्तिहरूको दैनिकीमा अवरोध सिर्जना भइरहेको देखिन्छ। रासस


# WORLD HYPERTENSION DAY 2024

17 MAY 2024

# विश्व उच्च रक्तचाप दिवस २०२४

A Public awareness initiative by

Glenmark Pharmaceuticals Ltd.

TAKE CHARGE at 18

## Expert View

## विशेषज्ञ चिकित्सकहरुको भनाई



**Dr. Kuldeep pandit**
Senior Consultant Physician
Control hypertension and live longer by regular measurement of blood pressure, low salt intake, regular exercise and stop smoking



**Dr. Rajesh Kumar Shah**
Cardiologist
Raised BP - The silent killer know your level, control it & live longer.



**Dr. Nischal Shah**
Consultant Cardiologist
Healthy habit and controlled blood pressure - for healthy heart.



**Dr. Vikash Kumar Pandey**
DM Nephrology
"Get your blood pressure checked today. There is no age to develop high BP."



**Dr. Krishna Kumar Sah**
Consultant Nephrologist
CHECK BP & SAVE YOUR KIDNEYS



**Dr. Mahesh mahaseth**
Consultant physician/gastroenterologist
High blood pressure is a silent killer. It can strike without warning, but with regular monitor your blood pressure and lifestyle changes, it can be controlled .A simple check can make a huge difference.



**Dr. Digbijay Kumar Thakur**
Ass. Professor and Consultant Physician
Hypertension is actually tension to our Heart, Brain, Kidney and Eyes so as to preserve them all do regular exercise, decrease fat & carbohydrates intake and increase intake of green leaf vegetables, salads and fruits.



**Dr. Bipin kumar Yadav**
Consultant physician
Roughly one-half of hypertensive individuals do not have adequate blood pressure control. So, proper technique and interpretation of the blood pressure & physician consultation is essential for adequate control.



**Dr. sanjeet kumar jha**
Associate professor Department of internal medicine
Tension is one of important cause of hypertension so stopstressing out on everything.



**Dr. Ram Pratap Sah**
Consultant Physician
Regular exercises, healthy foods, adequate sleep & meditation keeps your blood pressure normal.



**Dr. Pankaj Kumar sah**
MD, Internal medicine
Healthy eating and regular exercise can help you maintain healthy blood pressure. Happy and healthy World Hypertension Day to you.



**Dr. Tarkeshwor Mahato**
MD, Internal Medicine
उच्च रक्तचापको गरे उपचार !
स्वस्थ्य जीवनको पाउछौं उपहार !!



**Dr. Shree Ram Sharma**
Md (Internal medicine)
Regular exercise, proper sleep, low stress and healthy diet helps to control blood pressure.



**Dr. Sandeep Kumar Karna**
MD GENERAL PHYSICIAN
Say no to tension, say no to hypertension, Measure your blood pressure accurately, control it, live longer.




**Dr. Dhiraj Jha**
M.D. Internal Medicine/Consultant Physician
"Stop Smoking but not the Hypertension Medication/s"



**Dr. Bipin Kumar Jha**
M.D. Internal Medicine/Consultant Physician
Regular monitoring of BP after age 30 can lead to early detection of primary Hypertension, which can help prevent from future comorbidities.

"This is a patient awareness initiative by Glenmark pharmaceutical Ltd, The views and Opinions expressed here are based on the expertise of the doctor and is not endorsed by Glenmark pharmaceutical Ltd., Reader's are advised to seek to necessary medical advice from a qualified medical practoner."



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# अदालतले संविधानको रक्षा गर्छ

सर्वोच्च अदालतका न्यायाधीश विनोद शर्माको एकल इजलासले बुधवार जनता समाजवादी पार्टी(नेपाल)ले निर्वाचन आयोग समेतमाथि गरेको मुद्दामा अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ । अदालतले निर्वाचन आयोग समेतलाई छलफलका लागि ८ गते बोलाएको छ । जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले गैरकानुनी ढंगले पार्टीलाई विभाजन गरिएको आरोप लगाउदै दायर गरेको रिटमा दर्जन बढी कानुन व्यवसायीहरुले बहस गरेका थिए । निर्वाचन आयोग संवैधानिक निकाय हो । यद्यपि त्यसको प्रमुख आयुक्त लगायत आयुक्तहरुको नियुक्ति राजनीतिक आस्था र निष्ठाको आधारमा राजनीतिक दलहरुले गर्छन् । तैपनि त्यसको भूमिका दलगत स्वार्थ भन्दा माथि निष्पक्ष र तटस्थ हुने विश्वास गरिन्छ । निर्वाचन आयोगले गर्ने निर्णय विवादरहित हुनुपर्छ । यो आम नेपालीको चाहना रहेको हुन्छ । निर्वाचन आयोगले कुनै दललाई हानी र कुनै दललाई लाभ पुर्‍याउन कानुन मिच्न पाउदैन् । निर्वाचन आयोगले जसपा नेपाल विभाजनका लागि गरेको हतार र टेकेको कानुन दुबै गलत रहेको जिकिर कानुन व्यवसायीहरुले गरेका छन् । दल विभाजन सम्बन्धी कानुनलाई संशोधन गर्न ल्याइएको अध्यादेशलाई निर्वाचन आयोगले टेकेको छ । तर त्यो अध्यादेश निष्कृय भएको वर्षौं भइसकेको छ । अध्यादेश संसदमा जान समेत पाएन् । नेकपा एमाले र जसपालाई विभाजन गरी बनेको नेकपा एस र लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)लाई मान्यता दिएर नेताहरुको राजनीतिक भविष्य सुरक्षित गर्न तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले अध्यादेश ल्याएका थिए । त्यसमा संसदीय दल अथवा केन्द्रीय समिति मध्ये कुनै एकको कुल संख्याको २० प्रतिशत अथवा सो भन्दा माथिको संख्या पुर्‍याएर आए नयाँ दल दर्ता गरिने अध्यादेशबाट मूल ऐनलाई संशोधन गरेको थियो । त्यो प्रावधानलाई निरन्तरता दिन सो अध्यादेशलाई संसदबाट पारित गर्नु पर्दथ्यो । तर तत्कालीन समयमा त्यसको औचित्य पूरा भइसकेकाले निरन्तरता दिइएन् । अध्यादेश निष्कृय भइसकेपछि त्यसबाट भएको कानुन संशोधन स्वतःसाविक रुपमा नै फर्किसकेको निवेदक तर्फका कानुन व्यवसायीहरुको तर्क छ । सर्वोच्च अदालत संविधान र कानुनको व्याख्या गर्ने अन्तिम निकाय हो । यस प्रसंगमा पनि सर्वोच्चले संविधान र कानुनको मर्म र भावनाको रक्षा गर्नेछ । जसपा नेपाल विभाजन सम्बन्धी विषयमा निर्वाचन आयोग नराम्ररी विवादमा तानिएको छ । हालै नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले सार्वजनिक रुपमा नै निर्वाचन आयोग र सर्वोच्च अदालतलाई नजिकबाट हेरिरहेको बताएका थिए । त्यो अर्थपूर्ण छ । अदालतले संविधानको रक्षा गर्नेमा विश्वस्त रहनु पर्छ ।

# किन यति पेचिलो बनेको छ सहकारी छानबिन मुद्दा?

**अमित ढकाल**

जर्मन समाजशास्त्री म्याक्स वेबर भन्छन् – मानिसहरू उनीहरूका आदर्श र स्वार्थले एकसाथ निर्देशित हुन्छन्। त्यही स्वार्थ र आदर्शबीचको जटिल अन्तरक्रियाले मानिसको आचरण र उनीहरूले लिने निर्णय निर्धारित हुन्छन्।संसारमा कुनै मानिस हुँदैन जसका स्वार्थ छैनन्। र, संसारमा यस्तो मानिस पनि हुँदैन जसको कुनै आदर्श छैन। मानिस आफ्नो आदर्श र मूल्य-मान्यतामा कति अडिन्छ र आफ्नो स्वार्थका लागि कति सम्झौता गर्छ, त्यसैले उसको आचरण निर्माण गर्छ।

तर मानिस जातिको एउटा कमजोरी छ – हामी आफ्नो आदर्श मात्र देख्छौं र अरूको स्वार्थ मात्रै। आफूले गर्ने निर्णयमा आफ्नो स्वार्थको सधैं ख्याल गर्छौं; अनि अरूले गर्ने निर्णयमा सधैं आदर्शको अपेक्षा गर्छौं, त्यसैको खोजी गर्छौं। हाम्रो स्वभावमा हिपोक्रेसी (दोग्लापन) अन्तरनिहित छ।

मानिसहरूका जस्तै राजनीतिक दल र देशका पनि स्वार्थ र आदर्श हुन्छन्। आखिर राजनीतिक दल र देश पनि मानिसहरूको समूह हो। अनि दल र देशको निर्णय गर्ने ठाउँमा पनि मानिसहरू नै हुन्छन्। खासमा त्यहाँ केही सीमित मानिस मात्र हुन्छन्। अनि देश वा दलका नाममा तिनैले निर्णय गर्छन्।

त्यसैले दल र देशले पनि आफ्ना स्वार्थ र आदर्शको नापतौल गरेर निर्णय लिन्छन्। कदम चाल्छन्।अहिले हाम्रो संसदमा जे विवाद जारी छ, खासमा त्यो नहुनु पर्ने हो। संसदीय छानबिन समिति गठन गर्ने मागले संसदमा तनाव नहुनु पर्ने हो। विगतमा पनि कैयन पटक विवादित विषयमा संसदीय छानबिन समिति गठन भएका छन्। यसपालिको द्वन्द्व भने पहिलेजस्तो सजिलो छैन। यो आधारभूत रूपमै फरक र पेचिलो छ।

विगतका संसदीय छानबिनको विवादको केन्द्रमा कुनै एक सांसद वा नेता हुन्थे। उनीमाथि हुने छानबिनको प्रभाव उनको दलमा पनि धेरै पर्दैन थियो। सत्तामा त झनै पर्दैन थियो।यसपालि परिस्थिति फरक छ। यो छानबिनले सत्ता हल्लाउने तागत राख्छ, त्यसैले धेरै दलहरूको स्वार्थ एकै पटक दाउमा परेको छ।

संसदका चार मुख्य दल; नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सबैले एकै पटक यो द्वन्द्वमा सिङ जुधाएका छन्। त्यसैले पनि यो जुध्ने, जुधाउने काम चाँडै सकिने वाला छैन। तनाव पनि चाँडै सकिने छैन। छानबिन समिति बने पनि, नबने पनि सहकारीको पैसा अपचलन गरेको विषय संसदको 'फ्लोर' बाट चाँडै हराउने छैन। यसले संसद र राजनीतिलाई लामो समयसम्म प्रभावित पारिराख्ने छ।

अमेरिकाको विदेश नीतिबारे एउटा भनाइ छ। उसको विदेश नीतिका दुई प्रमुख आधारशिला छन् – लोकतान्त्रिक आदर्श (लोकतन्त्र, मानव अधिकार र खुला समाज) र राष्ट्रिय सुरक्षा स्वार्थ (आफ्नो आर्थिक र सामरिक हित)।

जबसम्म आफ्नो लोकतान्त्रिक आदर्श र राष्ट्रिय सुरक्षा स्वार्थ मेल खान्छ, अमेरिकाले त्यसलाई गजबसँग, उत्साहका साथ बोकेर हिँड्छ। त्यसबारे हल्लाखल्ला गर्छ। संसारलाई भन्छ, त्यसका पक्षमा उभ्याउन कोसिस गर्छ। पछिल्लो उदाहरण हो अहिलेको युक्रेन।तर जब आफ्नो लोकतान्त्रिक आदर्श र राष्ट्रिय स्वार्थ जुध्छ, उसले आदर्श छाडिदिन्छ र लुसुक्क आफ्नो स्वार्थ समात्छ। उदाहरण हो साउदी अरेबिया।आफ्नो विदेश नीतिमा 'आदर्श र स्वार्थ' दुवै मिलेको अमेरिकाजस्तै भएको छ अहिलेको नेपाली कांग्रेस।

सहकारी मुद्दामा कांग्रेसले एकातिर आममानिसका हित र भावना, अर्कातिर आफ्नो राजनीतिक स्वार्थ एक साथ भेटेको छ। त्यसैले कांग्रेसका नेताहरू बडो ऊर्जा र आत्मविश्वासका साथ सहकारीको विषय उठाइरहेका छन्। यसलाई छानबिनसम्म पुर्‍याउने दृढता उनीहरूमा देखिन्छ। यो विषय जति लम्बिँदै जान्छ, त्यसले रास्वपा मात्रै होइन, सम्पूर्ण सत्तापक्षलाई त्यति नै हानि गर्छ भन्ने उसलाई थाहा छ।प्रतिपक्षमा बसेको कुनै पनि दलले सारा जनताको ध्यान तानेको अनि उनीहरूको हित र आफ्नो स्वार्थ मिलेको यति बलियो विषय जब भेट्छ, उसले विरलै त्यसलाई छाड्छ। प्रतिपक्षमा बसेको दलले विरलै यस्तो अवसर पाउँछ।

कदाचित आज कांग्रेस, माओवादी र रास्वपा गठबन्धन सरकारमा हुन्थे भने एमालेले पनि यो मुद्दा त्यति नै जोडतोडले उठाउँथ्यो। किनभने, यो मुद्दामा दम छ र यसले सत्तामा बसेकालाई रक्षात्मक बनाउँछ। अनि रास्वपासहितको सत्तामा भएको भए कांग्रेसले पनि अहिले एमालेले जसरी नै रास्वपाको प्रतिरक्षा गर्थ्यो।जुनसुकै दल होस्, सत्तामा रहेका बेला ऊ स्वार्थ र सत्ता केन्द्रित धेरै हुन्छ, अनि मूल्य-मान्यता र आदर्शमाथि बारम्बार सम्झौता गर्छ। जनताको हितमाथि सम्झौता गर्छ। नेपाल मात्र होइन, संसारभरि नै राजनीतिको चरित्र यही हो।

तर लोकतान्त्रिक व्यवस्थामा सन्तुलन अन्तरनिहित हुन्छ। जहिले पनि कोही न कोही प्रतिपक्षमा हुन्छ। अक्सर एउटा बलियो दल नै प्रतिपक्षमा हुन्छ र उसैले (सत्ताको मोलाहिजा गर्न नपरूञ्जेल) जनताको हितको पक्षमा, आफ्ना आदर्श र मूल्य-मान्यताका पक्षमा आवाज उठाउँछ। मिडिया त सत्ताको प्रतिपक्षी भइहाल्यो जसले बारम्बार सत्तासीनहरूमाथि प्रश्न उठाउँछ, उनीहरूलाई चुनौती दिन्छ। नेपालमा पनि प्रतिपक्षमा बसेका बेला कांग्रेस, एमाले, माओवादी, रास्वपा लगायत दलले बेथितिविरूद्ध र जनताको पक्षमा आवाज उठाएका छन्। त्यसैले सत्ताको स्वार्थविरूद्ध एउटा सन्तुलन कायम भइरहने गरेको छ।

यसपालि सहकारीको जुन विषय उठेको छ, त्यो विकराल समस्या हो। यसमा दुई मत छैन। करिब ५३ हजार मानिसले आफूहरूले बचत गरेको २६ अर्ब रूपैयाँभन्दा बढी पैसा फिर्ता नपाएको भन्दै समस्याग्रस्त सहकारी व्यवस्थापन समितिमा उजुरी दिएका छन्। यी मुख्यगरी ठूला सहकारी हुन्। तर सबै समस्याग्रस्त ठूला सहकारीको तथ्यांक यसमा आइसकेको छैन। त्यस्तै देशैभरि छरिएका साना सहकारीको तथ्यांक आउनै बाँकी छ। सबै सहकारीमाथि छानबिन हुँदा यो रकम थप बढ्नेछ। करिब सात वटा ठूला सहकारीले मात्रै ३२ अर्ब रूपैयाँभन्दा धेरै रकम अपचलन गरेको सहकारी विभागको आकलन छ।

३१ हजार वटाभन्दा बढी सहकारीमा ७४ लाख जनाभन्दा बढी सदस्य छन्। उनीहरूले पाँच खर्ब रूपैयाँभन्दा बढी रकम सहकारीका खातामा जम्मा गरेका छन्। देशैभरि सहकारी पीडितहरू छरिएका छन्। यसको पीडा घरघरमा पुगेको छ। यो विकराल समस्याको समाधान कसरी गर्ने भन्ने सरकारको कुनै योजना छैन। योजना बनाउन पनि उसलाई सजिलो छैन।

अहिले संकटग्रस्त सहकारीको पैसा अपचलन गर्नेमा उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको नाम पनि जोडिएको छ। उनी साझेदार र प्रबन्ध निर्देशक रहेको ग्यालेक्सी टेलिभिजनको माउ कम्पनी गोर्खा मिडिया नेटवर्कले विभिन्न सहकारीबाट ६० करोड रूपैयाँभन्दा बढी ऋण लगेर अपचलन गरेको छ। लामिछाने स्वयंका नाममा दुइटा सहकारीबाट गोर्खा मिडियामा तीन करोड रूपैयाँ ऋण गएको देखिन्छ। कानुन अनुसार भने न गोर्खा मिडियाले सहकारीबाट ऋण लिन पाउँछ, न लामिछानेले!

कांग्रेसलाई थाहा छ – अपचलन भएको यो पैसा पीडितले चाँडै फिर्ता पाउने छैनन्। गोर्खा मिडिया र रवि लामिछानेलाई जोगाएर सहकारीको पैसा अपचलन गर्ने अरू कम्पनी र व्यक्तिलाई मात्रै कारबाही गर्न सरकारलाई सजिलो हुने छैन। त्यसैले सहकारीको विषय समाधान हुन लामो समय लाग्नेछ। यो समाधान गर्न सरकारलाई निरन्तर दबाब दिनु प्रमुख प्रतिपक्षी दलका हिसाबले उसको जिम्मेवारी त हो नै, तर यसमा उसको रणनीतिक स्वार्थ पनि जोडिएको छ। सहकारीको यो एउटै मुद्दामा कांग्रेसले सत्तामा रहेका तीन प्रमुख दल एमाले, माओवादी र रास्वपाको सिङ एकै पटक अँठ्याउन पाएको छ। तीन वटै दललाई रक्षात्मक बनाउन पाएको छ। त्यसैले जबसम्म सहकारीको समस्या समाधान हुँदैन, उसले यो परिस्थितिलाई निरन्तर उपयोग गरिरहने छ। जब समाधान हुन्छ, त्यसको जस आफूले लिन पाइयोस् भनेर प्रयत्न गर्छ।

### 'आदर्श र स्वार्थ' बाझिएको अवस्थामा एमाले

सहकारीमा सामान्यभन्दा सामान्य नागरिकको फसेको पैसा उनीहरूले फिर्ता पाउनु पर्छ। र, सहकारीको पैसा दुरूपयोग गर्नेहरूमाथि कारबाही गर्नुपर्छ भन्दा एमालेको अर्को नीति हुने कुरै भएन। यो सामान्य सामाजिक न्याय र कानुनको शासनको कुरा हो। सिद्धान्ततः यस्ता मानिसमाथि कारबाही हुनु हुँदैन भनेर एमालेले भन्दैन।

तर आजका दिनको कठोर राजनीतिक यथार्थ के हो भने – रवि लामिछाने लगायतमाथि छानबिन गर्ने गरी समिति बनाऔं भन्ने अवस्थामा एमाले छैन। यहाँनिर एमालेको सत्ता स्वार्थ जोडिएको छ। राजनीतिक स्वार्थका अगाडि उसले आफ्नो राजनीतिक आदर्श थाती राखेको छ। उसले यस कारण बिनाधक यसो गरेको छ, किनभने उसलाई थाहा छ – रास्वपा कांग्रेससँगको गठबन्धनमा भएको भए कांग्रेसले पनि यसै गर्थ्यो!

अर्कोतिर एमाले सशंकित छ – छानबिन अघि बढ्यो भने त्यसको दबाबमा रास्वपाले ढिलोचाँडो सत्ता छाड्न सक्छ। रास्वपाले सत्ता छाड्यो भने अहिलेको सरकार अल्पमतमा पर्नेछ। कांग्रेसलाई सत्ता बाहिर राखेर अर्को सरकार बनाउन लगभग असम्भव हुन्छ। बहुमतको नयाँ सरकार बनेन भने संविधानतः त्यसपछि ठूलो दलको हैसियतले कांग्रेसले सरकार बनाउँछ।

तर आजका दिनको कठोर राजनीतिक यथार्थ के हो भने – रवि लामिछाने लगायतमाथि छानबिन गर्ने गरी समिति बनाऔं भन्ने अवस्थामा एमाले छैन।

आइतबार पत्रकारहरूसँग कुरा गर्दै संसदमा एमालेका मुख्य सचेतक महेश बर्तौलाले भनेको कुरामा त्यही त्रास अभिव्यक्त भएको छ।उनले भने, 'समितिका नाममा सरकार माग्ने प्रमुख प्रतिपक्षीको मुद्दा सम्बोधन हुने म देख्दिनँ, यो सम्भव छैन।'बर्तौलाले यसो भन्नुको अर्थ छ – एमालेलाई पनि थाहा छ, छानबिन समिति बन्यो भने गृहमन्त्री लामिछाने दोषी प्रमाणित हुनेछन्।

त्यसैले एमालेले दह्रो भर दिएर रास्वपालाई काँध हालेको छ। सहकारीमा राजनीतिक दलका मानिसहरूले गरेको आर्थिक दुरूपयोगको छानबिनले देशभरका आफ्ना कतिपय नेताहरू पनि तानिने आशंका सायद एमालेलाई छ। त्यस्तो छानबिन भएमा एमाले मात्रै होइन, कांग्रेस र माओवादीसहित अरू दलका कतिपय नेता तानिने सम्भावना छ।

सत्ताको नेतृत्व गरिरहेका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को दल माओवादीको कुरै भएन। प्रचण्डले आफ्नो सत्ता टिकाइराख्न हिजो पनि सत्ता साझेदार र आफूलाई सहयोग गर्ने दलहरूको स्वार्थ पूरा गरिदिएका हुन्। भोलि पनि गर्नेछन्।जतिखेर प्रचण्ड कांग्रेससँगको गठबन्धनमा थिए, उनले कांग्रेसका नेताहरूको स्वार्थ पूरा गरिदिन आफ्नो कुर्सीको दुरूपयोग गरे। नक्कली भुटानी शरणार्थी प्रकरणमा दोषीलाई अदालतको कठघरामा उभ्याउने दुई वरिष्ठ प्रहरी अधिकृतलाई कारबाही गर्न कांग्रेस सभापति शेरबहादुर देउवा र विशेष गरी उनकी पत्नी आरजु देउवाले जोड गरे।

ती दुई अधिकृतको सरूवा नभए भोलि आफूलाई कुन विपत आइपर्ने हो भन्ने डर आरजुमाथि सवार थियो। सुरूमा प्रधानमन्त्री प्रचण्डले आनाकानी गरे। पछि देउवा पति-पत्नीको जोडबलमा उनले काठमाडौं उपत्यका प्रहरी कार्यालयका एआइजी श्याम ज्ञवाली र उपत्यका अपराध अनुसन्धानका डिआइजी मनोज केसीको सरूवा गरिदिए। त्यही बेला प्रचण्डले रवि लामिछानेसँग पनि मोलतोल गरे। आफूलाई विश्वासको मत दिने सर्तमा उनीविरूद्ध पासपोर्ट दुरूपयोगको मुद्दा नचलाउने बचन दिए। र, त्यही अनुसार महान्यायाधिवक्तालाई अह्राए।

लामिछानेले यसपालि दोस्रो पटक प्रचण्डको सहयोगमा महान्यायाधिवक्ता कार्यालयको दुरूपयोग गरे। महान्यायाधिवक्ता कार्यालयले लामिछानेविरूद्ध 'सहकारीको पैसा दुरूपयोगमा कहीँ जाहेरी नपरेको, अनुसन्धान नभएको र अभियोजन नभएको' झुटा बेहोराको पत्र उनलाई दिएको थियो। प्रधानमन्त्री प्रचण्डसँग सल्लाह नगरी महान्यायाधिवक्ता दिनमणि पोखरेलले यस्तो पत्र लामिछानेलाई दिए भन्ने कल्पना पनि गर्न सकिँदैन।सत्तामा रहिरहन प्रचण्डले आउने दिनहरूमा पनि यस्तो सम्झौता प्रशस्त गर्नेछन्। उनले सार्वजनिक रूपमै भनेका पनि छन्, 'अनेक गरिन्छ तर सरकारलाई पूरै अवधि लगिन्छ।'

प्रमुख दलहरूबीच जति झगडा र मनमुटाव चर्किन्छ, प्रधानमन्त्री प्रचण्डले त्यति नै आफूलाई सुरक्षित महसुस गर्नेछन्।

### अहिलेसम्मकै ठूलो संकटमा रास्वपा

पुराना दलहरूको बेथितिले मानिसहरू वाक्क भएका बेला रास्वपाको उदय भएको हो। पुराना दलसँगको निराशा र नयाँ दलसँग आशाको मत रास्वपाले पाएको हो। बेथिति र भ्रष्टाचारविरूद्ध लड्ने बाचा गरेर संसदमा पुगेको रास्वपा सहकारी प्रकरणका कारण ठूलो फसादमा परेको छ। पुराना दलका धेरै नेताहरू पनि कैयन बेथिति र भ्रष्टाचार मुद्दामा नपरेका होइनन्। धेरैलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अदालतमा उभ्याएको छ। धेरै जेल गएका छन्।

तर पुराना दलका शीर्ष नेताहरू अहिलेसम्म अदालतमा उभ्याइएका छैनन्। वा, उभिने परिस्थिति बनेको छैन। दलको कुनै अमुक नेता विवादमा पर्नु वा अदालतबाट कारबाहीमा पर्नु र दलको अध्यक्ष नै कारबाहीमा पर्ने परिस्थिति सिर्जना हुनुमा आकाश-जमिन अन्तर छ।त्यसमाथि रास्वपाको उदयमा रवि लामिछानेको ठूलो भूमिका छ। धेरै मत उनकै नाममा आएको हो। रास्वपाका धेरै सांसदले उनकै नाममा जितेका हुन्। अनि यो दलको संगठन विस्तार भइसकेको छैन। देशव्यापी प्रभाव बन्न बाँकी नै छ। यस्तो अवस्थामा रास्वपा सभापतिको सहकारी विवाद सो दलका लागि कम भारी पर्ने छैन।

अहिले नै 'पुराना र नयाँमा के फरक भयो' भन्ने भाष्य बन्न थालेको छ। सहकारीको विवाद गहिरिँदै जाँदा र इलाम-२ को उपनिर्वाचनपछि रास्वपाको 'मिसन-८४' को आवाज साह्रै मलिनो बनेको छ। मिसन-८४ भन्ने नेता-कार्यकर्ताको आत्मविश्वास एक्कासि खस्किएको छ।जति प्रमाणहरू अहिले सार्वजनिक भएका छन्, तिनकै आधारमा पनि सभापति लामिछाने अदालतमा दण्डित हुने अवस्था छ। त्यसैले रास्वपालाई संसदीय छानबिनमा सहमति जनाउन सजिलो छैन।

छानबिन समितिमा सहमति नबन्ने हो भने मंगलबार राष्ट्रपतिलाई पनि संसदमा सम्बोधन गर्न नदिने कांग्रेसले अडान राखेको छ। सत्तापक्षले पनि संसदीय समिति गठनमा कांग्रेस कतिसम्म दृढ छ भन्ने परीक्षण गर्न खोजिरहेको देखिन्छ। कांग्रेस मंगलबार संसद अवरूद्ध गर्नेमै दृढ देखियो र मंगलबार बिहानसम्म दलहरूबीच सहमति जुटेन भने नीति तथा कार्यक्रम पेस गर्ने दिन सर्न पनि सक्छ। कांग्रेसको नाराबाजीबीच सत्तारूढ दलले राष्ट्रपतिलाई नीति तथा कार्यक्रम पढ्न बोलाउने र राष्ट्रपति त्यसका लागि आउने सम्भावना कमै होला। सत्तासीन दलहरूसँग अब दुइटा विकल्प छन् – पहिलो, प्रमुख प्रतिपक्षी दललाई पेलेर वा संसद बाहिर राखेर संसदका गतिविधि अघि बढाउने।हाम्रो तीस वर्षको संसदीय अभ्यासको आलोकमा त्यो अकल्पनीय र अतिवादी बाटो हुन्छ।

दोस्रो विकल्प हो – संसदीय छानबिन समिति गठन गर्न सहमति गर्ने र सत्ताको बहुमतको आधारमा त्यो समितिमा आफूले चाहे अनुसारको प्रतिवेदन पास गराउन प्रयत्न गर्ने वा समितिको काम लामो समयसम्म तन्काएर कचपल्ट्याउने वा निष्कर्षविहीन बनाउने।

# अब पर्खेर हेर्ने समय छैन!

**डा. राजु लौडारी**

यस शताब्दीको दोस्रो दशकसम्म पृथ्वीको तापक्रम सन् १८५० देखि सन् १९०० बीचको ५० वर्षको तुलनामा १.१ डिग्री सेल्सियस बढेको छ। जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघीय अन्तर्सरकारी प्यानल (आइपिसिसी) ले यस्तो जनाएको हो।

उच्च औद्योगिकीकरणसँगै मुख्यतः सन् १९७० पछि वायुमण्डलमा बढ्दो हरितगृह ग्यास उत्सर्जनले विश्व तापमान वृद्धि गरेको हो। तापमान वृद्धिले नै जलवायु परिवर्तनको प्रभाव बढाएको हो। जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौतामा सन् २१०० सम्ममा विश्वको तापमान वृद्धि १.१ डिग्री सेल्सियसमा सीमित गर्ने सहमति भएको छ। आइपिसिसीको विश्लेषणले विश्वका देशहरूले अपेक्षकृत रूपमा प्रतिबद्धता कार्यान्वयन गर्न नसकेको खण्डमा त्यतिन्जेलमा तापमान २.७ डिग्री सेल्सियस वृद्धि हुन सक्ने देखाएको छ।

मौसम र जलवायु परिवर्तनप्रति मानव स्वास्थ्य संवेदनशील हुन्छ। बाढी, खडेरी, अधिक तापक्रम, उष्ण तुफान र डढेलोले जलवायु परिवर्तनको जोखिम बढाउँछ। समुद्री सतहको उचाइ बढ्ने पनि जलवायु परिवर्तनले नै हो। यी सबैको सिधा सम्बन्ध मानव स्वास्थ्य, बसोबास र खाद्यवस्तुसँग हुन्छ। प्रदूषण र तापमान वृद्धिबीच आपसमा दोहोरो सम्बन्ध हुन्छ। तापक्रम वृद्धिको प्रभावले वायु प्रदूषण बढ्छ, वायु प्रदूषणले पनि वायुमण्डलको तापक्रम बढाउँछ।

पानीमा प्रदूषण बढ्दै जाँदा स्वच्छ पानीको अभाव पनि बढ्दै जान्छ। परिणाम स्वरूप सरसफाइ घट्छ र अस्वस्थता बढ्छ। श्वासप्रश्वास सम्बन्धी रोग र मुटु तथा रक्त सञ्चार सम्बन्धी रोगको दर बढ्दै जान्छ। छिटोछिटो संक्रामक रोग देखापर्ने र तीव्र गतिमा फैलिने हुन्छ। जलवायु परिवर्तनको गति बढ्दै जाँदा जीवनयापनका आधारहरू कमजोर हुँदै जान्छन्। खाद्य असुरक्षा बढ्दै जाँदा कुपोषणको समस्या देखा पर्छ। मानसिक स्वास्थ्यमा पनि असर पर्छ। सुरक्षित र अनुकूल ठाउँ खोजीमा बसाइँसराइ पनि बढ्दै जान्छ।

सुक्ष्म अनुसन्धानबाट वैज्ञानिकहरू यस्तो निष्कर्षमा पुगेका हुन्।जलवायु परिवर्तनको प्रतिकूल प्रभावबाट पर्ने असर न्यूनीकरणका लागि असरको मात्रा र असरबारे समुदायको बुझाइ निकै महत्त्वपूर्ण हुन्छ। अनुकूलन रणनीति बनाउँदा स्थानीय समुदाय र सरोकारवाला निकायहरूको सक्रिय सहभागिता हुन सके मात्र रणनीति कार्यान्वयन प्रभावकारी हुन्छ।

विश्व आर्थिक मञ्चले गत जनवरीमा प्रकाशित गरेको एक प्रतिवेदनले सन् २०५० सम्ममा जलवायु परिवर्तनले विश्वको स्वास्थ्य सेवा प्रणाली उच्च तनावको अवस्थामा पुग्ने निष्कर्ष निकालेको छ। स्वास्थ्य सेवा नपाएका कारण १ करोड ४५ लाख मानिसको मृत्यु हुने र १२.५ ट्रिलियन अमेरिकी डलर बराबरको आर्थिक नोक्सानी हुने प्रक्षेपण समेत गरेको छ। तापमान वृद्धि १.५ डिग्री सेल्सियसमा कायम गर्न सकिए पनि आर्थिक नोक्सानी सन् २०३० सम्ममा २.३ ट्रिलियन अमेरिकी डलर बराबर हुने अनुमान गरिएको छ।

मौसमी घटनाहरूको विश्लेषण गर्दा हाल जलवायु-प्रेरित मृत्युको प्रमुख कारक बाढी रहेको पाइएको छ। बाढीबाट सन् २०५० सम्ममा विश्वमा ८ करोड ५० लाख मानिसको मृत्यु हुने अनुमान छ। अप्रत्यक्ष रूपमा जोडिएको जलवायु-प्रेरित मृत्युको दोस्रो प्रमुख कारक खडेरी हो। खडेरीमा अत्यधिक गर्मी हुने र सन् २०५० सम्ममा तीन करोड २० लाख मानिसको मृत्यु हुन सक्ने सम्भावना अध्ययनले देखाएको छ। उष्ण तुफानले लामो अवधिसम्म अधिक तापमान कायम गराउने भएकाले यसबाट अन्य कारकभन्दा बढी अर्थात् सन् २०५० सम्ममा ७.१ ट्रिलियन अमेरिकी डलर बराबरको आर्थिक नोक्सानी हुने अनुमान विश्व आर्थिक मञ्चले गरेको छ।

सन् २०४० सम्ममा विश्वको करिब आधा जनसंख्याको बसोबास पानीको संकट भएको क्षेत्रमा हुनेछ र करिब एक अर्ब २ करोड जनसंख्या जलवायु सम्बन्धी शरणार्थी हुने अनुमान छ। उक्त अध्ययनले जलवायु परिवर्तनको प्रभावले धेरै देशको कुल गार्हस्थ्य उत्पादन घट्ने र जीवकोपार्जनका आधारहरू कमजोर हुँदै जाने संकेत गरेको छ। संयुक्त राष्ट्र संघका अनुसार मुख्यतः न्यून तथा मध्यम आय भएका देशहरूमा कुल तीन करोड तीस लाखदेखि तीन करोड ६० लाख जनसंख्या बढी संकटमा हुनेछ।

विश्व स्वास्थ्य संगठनको एक अध्ययन अनुसार जलवायु परिवर्तनले मानव स्वास्थ्यमा पार्ने असर उमेर, सामाजिक-आर्थिक वर्ग, पेसा र लिंगका आधारमा फरक हुनेछ। स्वच्छ पानीको सुलभ आपूर्ति नहुँदा महिला तथा किशोरीहरूको व्यक्तिगत स्वास्थ्य र सरसफाइमा असर पर्नेछ।एक अध्ययनका अनुसार खानेपानीको आपूर्ति सुलभ हुन सक्दा महिला र किशोरीहरूको समय बचत हुन्छ र बचत समयको कम्तीमा ३० प्रतिशत समय आर्थिक क्रियाकलापमा लगाउन सकिने हुन्छ।

अब पर्खेर हेर्ने र ढिलो गर्ने समय छैन। सबै क्षेत्रमा संकट न्यूनीकरणका उपायहरु अवलम्बन गर्न आवश्यक छ। यसमा सरकार र निजी क्षेत्रको समन्वय हुनु अत्यावश्यक हुन्छ।

पानीको अभाव बढ्दै जाँदा महिलाको आर्थिक गतिविधि घट्छ।

जलवायु परिवर्तनले स्वास्थ्यमा असमानता बढाउँछ। महिला, बालबालिका तथा सीमान्तकृत र गरिब समुदायमा अतिरिक्त तनाव सिर्जना गर्छ। नेपालमा पनि सार्वजनिक स्वास्थ्यमा जलवायु परिवर्तनको प्रभाव देखिन थालेका छन्। नेपालमा गरिएका केही अध्ययनहरूले जलवायु परिवर्तनका कारण जीवाणुबाट सर्ने र पानीका कारणले हुने रोग बढ्दै जाने देखाएको छ। नेपालमा सन् २०१७ मा भएको एक अध्ययनले कुनै ठाउँको तापमान १ डिग्री सेल्सियस बढ्दा झाडापखालाका बिरामी ४.३९ प्रतिशतले बढेको देखाएको छ।

सन् २०२१ मा प्रकाशित नेपालको स्वास्थ्य क्षेत्रको 'संकटासन्न र जोखिम मूल्यांकन तथा अनुकूलन कार्यसम्बन्धी' प्रतिवेदनअनुसार जलवायु परिवर्तनले मानव स्वास्थ्यमा धेरै पक्षबाट प्रभाव पारेको छ। अधिक गर्मी, शीतलहर, आगलागी, चोटपटक र विभिन्न रोगका कारणले मृत्युको जोखिम बढेको छ। न्यून स्रोत रहेका क्षेत्रहरूमा खाद्य उत्पादन घटेको छ र अल्पपोषण हुने जनसंख्या वृद्धिको जोखिम बढेको छ।स्वास्थ्यमा पर्ने असरका कारण मानिसको काम गर्ने क्षमता घट्ने र उत्पादकत्वमा ह्रास आउने समस्या बढ्दो छ। रोग कम देखिने पर्वतीय क्षेत्रहरूमा समेत खाना, पानी र जीवाणुबाट सर्ने रोगको जोखिम बढ्दो छ। तराईमा शीतलहरले मृत्युदर र रोगको समस्या बढ्दै गएको छ।

जलवायु परिवर्तनले मानव स्वास्थ्यमा केही सकारात्मक प्रभाव पनि पारेको छ तर प्रभाव दिगो हुँदैन। कम तापक्रम भएका क्षेत्रहरूमा चिसोका कारणले हुने मानवीय क्षतिको घटना कम हुँदै गएको छ। तराई क्षेत्रमा तापमान बढेका कारण रोग सार्ने जीवाणुको क्षमता घटेको पाइएको छ। नकारात्मक प्रभावको तुलनामा सकारात्मक प्रभाव नगन्य छ।स्वास्थ्य क्षेत्रको क्षमता सुधार गर्नु र भौतिक संरचनाहरू जलवायु परिवर्तन अनुकूल बनाउनु आजको आवश्यकता भएको छ। कुनै कारणले अवरूद्ध सेवा अविलम्ब चालु गर्न सक्ने गरी क्षमता बढाउनु पनि उत्तिकै आवश्यक भएको छ। मानिसमा जलवायु परिवर्तनको प्रभाव सकेसम्म कम गर्न र प्रभाव बढ्ने गति नियन्त्रण गर्न प्रतिरोधी क्षमता अभिवृद्धितर्फ पनि ध्यान दिन आवश्यक भएको छ।

जलवायु परिवर्तन, यसका असर र असर न्यूनीकरणका सम्बन्धमा नियमित रूपमा जनचेतनामूलक अभियान चलाउनु पर्छ। असरबारे नियमित रूपमा पर्याप्त जानकारी, चेतावनी र सूचना जारी गर्नु पर्छ। जलवायु पूर्वानुमान प्रणाली सशक्त बनाइ ठीक समयमा सूचना दिनु पर्छ।सामुदायिक सशक्तीकरणका लागि स्वयंसेवी संगठनहरू परिचालन गर्नु पर्छ। संकटासन्न समुदायमा असर रोकथाम तथा नियन्त्रण सम्बन्धमा शिक्षा दिनु पर्छ, चेतना फैलाउनु पर्छ। जोखिममा रहेका बिरामीको उचित उपचारको प्रबन्ध गर्नु पर्छ। मानसिक समस्याहरू पहिचान गर्न जनशक्ति र उपकरण बढाउनु पर्छ। आकस्मिक सेवाका लागि मोबाइल क्लिनिक चलाएर स्वास्थ्य सेवामा बिरामीको पहुँच बढाउनु पर्छ।

जलवायु परिवर्तनबाट प्रभावित स्वास्थ्य पूर्वाधार र समुदायलाई छिटो पूर्वस्थितिमा ल्याउने र दीर्घकालीन असर न्यूनीकरण गर्ने व्यवस्था मिलाउनु पर्छ। स्वास्थ्य क्षेत्रमा उल्लिखित सुधारबाट जलवायु परिवर्तनको असर न्यूनीकरण गर्ने र अनुकूलन बढाउँदै जाने प्रणाली विकासमा विकासमा सहयोग पुग्नेछ। नवीनतम उपचार पद्धति र प्रविधिमा स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि निरन्तरको प्रक्रिया हुनु पर्छ। रोग निदान र उपचारमा व्यापक पहुँच बनाउन सधैं आपतकालीन सेवाको पूर्वतयारी भएको हुनु पर्छ।जलवायु परिवर्तनको प्रभाव अनुसार स्वास्थ्य प्रणाली स्तरोन्नति गर्न सरकार र निजी क्षेत्रको संयुक्त प्रयास आवश्यक हुन्छ। सरकारले सबै सरोकारवालाहरूसँग समन्वय गरी प्रतिकार्य योजना बनाएर कार्यान्वयन गर्नु पर्छ। सार्वजनिक क्षेत्रले नव प्रवर्तनमार्फत स्वास्थ्य क्षेत्रको पूर्वतयारी गर्नु पर्छ।

जलवायुबाट उत्पन्न स्वास्थ्य समस्या समाधानमा निजी क्षेत्रको सहभागिता बढाउन प्रोत्साहनका प्याकेजहरू बनाएर कार्यान्वयन गर्नु राम्रो हुन्छ। प्रत्यक्ष आर्थिक प्रोत्साहन, अनुदान, ऋणका लागि सरकारी ग्यारेन्टी, कर छुट, अनुसन्धानमा अनुदान वा यस्तै अन्य प्याकेजहरू हुन सक्छन्। यस्तो प्याकेजको उद्देश्य निजी लगानीकर्ताहरूलाई स्वास्थ्य क्षेत्रमा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण कार्यमा लगानी गर्न सक्षम बनाउनु हो।

स्वास्थ्यसँगै कृषि वा यस्तै अन्य व्यावसायिक क्षेत्रमा पनि निजी क्षेत्रको संलग्नता बढाउन सरकारले सहयोग गर्नु पर्छ। समग्रमा सरकारसँगै निजी क्षेत्र पनि जलवायु परिवर्तनका असर न्यूनीकरणको काममा लाग्ने हुन्छ। नीति, कानुन-नियम आदिको अनुकूल परिमार्जन र कार्यान्वयनमा पनि निजी क्षेत्रको योगदान महत्त्वपूर्ण हुन सक्छ। निजी क्षेत्रको सहभागिता खुकुलो बनाउने, जलवायु परिवर्तन अनुकूल नयाँ उत्पादनको प्रयोग प्रोत्साहित गर्ने, नवप्रवर्तनमा निजी क्षेत्रको सहभागिता बढाउने जस्ता काममा सरकारले सहयोग गर्नु पर्छ।

जनचेतना अभिवृद्धिले प्रभावकारी उत्प्रेरकको काम गर्छ। उत्तम अभ्यास, प्रविधि र उपयोगी सूचनाको प्रचारप्रसार व्यापक बनाउनु आवश्यक हुन्छ। जलवायु परिवर्तनले मानिसमात्र होइन, मस्त जैविक प्रणालीमै दीर्घकालीन संकट उत्पन्न गर्न थालेको छ। जैविक प्रणालीको अस्तित्वमै प्रश्न खडा गरेको छ ।अब पर्खेर हेर्ने र ढिलो गर्ने समय छैन। सबै क्षेत्रमा संकट न्यूनीकरणका उपायहरू अवलम्बन गर्न आवश्यक छ। यसमा सरकार र निजी क्षेत्रको समन्वय हुनु अत्यावश्यक हुन्छ।

# अग्रगामी र राष्ट्रिय शक्तिलाई निर्णायक तहमा पुऱ्याउनुपर्छः अध्यक्ष ओली



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले राष्ट्रिय हितको सम्वर्द्धन, सुशासन र तीव्र विकासलाई अगाडि बढाउन अग्रगामी र राष्ट्रिय शक्तिलाई निर्णायक तहमा पुऱ्याउनुपर्नेमा जोड दिनुभएको छ।

मदन-आश्रितको ३१औँ स्मृति दिवसमा सो पार्टीद्वारा विहिबार मदननगर, बल्खुमा आयोजित कार्यक्रममा पूर्वप्रधानमन्त्री ओलीले सबै खालका आक्रमणलाई पराजित गर्दै एमाले अपराजेय शक्तिका रूपमा स्थापित हुँदै आएको बताउनुभयो । आफूहरूले अगाडि बढाएको आन्दोलनलाई जननेता मदन भण्डारीले प्रतिपादन गरेको जनताको बहुदलीय जनवाद (जबज)ले निर्देशित गरिरहेको र आन्दोलनले सफलता प्राप्त गरिरहेको बताउँदै अध्यक्ष ओलीले अब २०८४ मा हुने निर्वाचनबाट नेपालको राजनीतिले नयाँ मोड लिनुपर्ने विचार व्यक्त गर्नुभयो।

अध्यक्ष ओलीले भन्नुभयो, "त्यो मोड प्रतिगामी होइन, अग्रगामी र राष्ट्रिय शक्तिलाई निर्णायक तहमा पुऱ्याउने हुनुपर्छ, जसबाट राष्ट्रिय हित सम्बर्द्धन, सुशासन र तीव्र विकासअगाडिबढाउनसकियोस्समाजकल्याण, मानवतावाद र लोककल्याणकारी राज्यको अवधारणा कार्यान्वयन गर्नाका साथै गरिबी अन्त्य गर्न सकियोस् ।''सामाजिक न्याय र समानतासहितको मानव समृद्धिका लागि समाजवाद दिवङ्गत नेताहरूको गन्तव्य रहेको स्पष्ट गर्दै अध्यक्ष ओलीले आगामी २०८४ को निर्वाचनमा सफलता प्राप्त गरी त्यस दिशामा अगाडि बढ्न सकिए मदन-आश्रितका सपना थप पूरा हुने आशा व्यक्त गर्नुभयो।

आफूलाई कम्युनिष्ट नेता भन्नेहरू नै आन्दोलनलाई सिध्याउन लागि परेका र राष्ट्रिय शक्तिको सरकार ढालेर दक्षिणपन्थी सरकार बनाउन पछिलागेकाले विगत स्मरण गर्दै अध्यक्ष ओलीले उनीहरूको पत्याउनै नसकिने खालको गतिविधि गरेको आरोप लगाउनुभयो । उहाँले भन्नुभयो, "हाम्राविरुद्ध एकपछि अर्को पासो थापियो। ती सबै पराजित गरियो । अब दिगो र सुदृढ विजयको दिशामा अगाडि बढ्नुपरेको छ।''

देशमा प्रतिगमन हुँदा वा नाकाबन्दीको अप्ठ्यारो परिस्थितिमा पनि आफूहरुले घुँडा नटेकेको स्मरण गर्दै उहाँले आफू प्रधानमन्त्री रहेको समयमा भएको नाकाबन्दीविरुद्धको लडाईंमा जनताको साथ र सहयोग पाएको भन्दै सम्मान प्रकट गर्नुभयो ।कार्यक्रममा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी, एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्षहरू युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य र विष्णुप्रसाद पौडेल, महासचिव शङ्कर पोखरेललगायत नेताहरु र आश्रितकी धर्मपत्नी माया ज्ञवालीको उपस्थिति थियो।रासस

# देश बनाउने जिम्मा युवाको काँधमा : नेता पोखरेल

**टुडे समाचारदाता**

काठमाण्डु। नेकपा एमालेका महासचिव शंकर पोखरेलले देश बनाउने जिम्मा युवाको काँधमा आएकोले युवाहरुले संकल्पका साथ अगाडी बढ्नु पर्ने बताएका छन्।

विहिबार नेकपा (एमाले) भक्तपुर जिल्ला कमिटीको नवौं जिल्ला अधिवेशनको उद्घाटनगर्दैउनले युवाले संकल्प नगरेसम्म देश विकास नहुनेसमेत बताए। उनले आफ्नो पार्टीमा आवद्ध युवालाई समाज बदल्ने पार्टीका अभियानमा कटिबद्ध भएर लाग्नसमेत आग्रह गरेका थिए। उनले भने, "देश बनाउने बेलामा देश छाड्ने युवाको लर्को धेरै छ, योबेला देशलाई देश छाड्नेभन्दा देश बनाउने युवाको आवश्यकता छ। त्यसैले आम युवालगायत नेकपा (एमाले) मा आवद्ध सबै युवालाई देश बनाउने संकल्पसहित अगाडि बढ्न आग्रह गर्दछु।"



जनताले समस्या पर्दा पार्टीलाई नभई युट्युबर र अभियन्तालाई खोज्ने अवस्था सृजना भइरहेको भन्दै उनले पार्टीलाई जनतासंग जोड्ने एजेण्डा लिएर जनताको घरदैलोमा जान आवश्यक रहेको समेत बताए। यस्तै, 'मिसन ८४' सफल पार्न जनतासँग नजिक रहेर काम गर्न पनि उनको आग्रह थियो।

कार्यक्रममा नेकपा एमालेका पोलिब्यूरो सदस्य महेश बस्नेत, एमाले केन्द्रीय सदस्यहरू सोमप्रसाद मिश्र, तुलसा दाहाल, एमाले बागमति प्रदेश अध्यक्ष कैलाश ढुङ्गेल, एमाले भक्तपुर जिल्ला अध्यक्ष बचन देउजा, उपाध्यक्ष वासुदेव थापा, सचिव मोहनबीर श्रेष्ठलगायतले पार्टीलाई एकढिक्का बनाएर लैजानुपर्नेमा जोड दिए। त्यसअवसरमा मध्यपुरथिमिमा जिब्रो छेडेर संस्कृति जोगाउन लाग्ने सुजन बागश्रेष्ठलाई सम्मान गरिएको थियो।

# निगमको सेवालाई थप चुस्त बनाउन पर्यटनमन्त्रीको निर्देशन

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङले नेपाल वायु सेवा निगमको प्रतिफल देखिनेगरी इमान्दारीपूर्वक काम गर्न कर्मचारीलाई निर्देशन दिनुभएको छ।

विहिबार नेपाल वायुसेवा निगमको केन्द्रीय कार्यालय अनुगमनका क्रममा उहाँले निगमको सेवालाई थप चुस्त र प्रभावकारी बनाउने विषयमा सबै जिम्मेवार भएर लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो।पर्यटनमन्त्री तामाङले निगमको हितमा हुने हरेक कार्यमा आफ्नो सहयोग रहने र कर्मचारीले आफ्नो दायित्व परिपालनामा सचेत रहन आग्रहसमेत गर्नुभयो। "निगमको हितमा हुने हरेक काममा म तपाईंहरूसँगै छु । तपाईंहरूले पनि आफ्नो विभाग र आफूले गर्नुपर्ने कार्यमा दत्तचित्त भएर लाग्नुहोला । ढिलासुस्ती र निगमलाई नोक्सानी हुने कुरामा सचेत रहनुहोला", उहाँले भन्नुभयो।

त्यसअवसरमा पर्यटन मन्त्रालयका सचिव डा गणेशप्रसाद पाण्डेयले निगमको प्रगतिका लागि सबै कर्मचारीले इमान्दारीपूर्वक काम गर्नुपर्ने र मन्त्रालयस्तरबाट गर्नुपर्ने कार्यमा सधैँ सकारात्मक सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो।

यसैबीच मन्त्री तामाङले निगमको चालु आव २०८०/८१ को समीक्षा र आगामी आव २०८१/८२ को वार्षिक योजना तथा बजेट प्रक्षेपण बैठकको उद्घाटनसमेत गर्नुभएको निगमले जनाएको छ। बैठकमा निगमका कार्यकारी अध्यक्षलगायत नायब महाप्रबन्धक (प्रा), निगमका सम्पूर्ण विभागीय प्रमुख, निगमका दसवटै अन्तर्राष्ट्रिय स्टेशनका प्रमुख, सम्बन्धित महाशाखा तथा शाखा प्रमुख र निगममा क्रियाशील ट्रेड युनियनका अध्यक्षहरूको उपस्थिति रहेको थियो।



बैठकमा कार्यकारी अध्यक्ष अधिकारीले निगमले हालसम्म हासिल गरेका उपलब्धि र भावी योजनाबारे जानकारी गराउनुभएको थियो भने बजार व्यवस्थापन विभागका निर्देशक टङ्कनिधि दाहालले निगमको बजारस्थिति र बजारीकरणको अवस्थाबारे प्रस्तुतिकरण गर्नुभएको थियो । शुक्रबारसम्म चल्ने बैठकले निगमको आगामी योजना, कार्यक्रम र बजेट तयार गर्ने जनाइएको छ।

# सुदूरपश्चिमका मुख्यमन्त्री सोडारीलाई विश्वासको मत



सुदूरपश्चिम । सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री दीर्घबहादुर सोडारीले विश्वासको मत प्राप्त गर्नुभएको छ। विहिबार बसेको प्रदेशसभाको दोस्रो बैठकमा मुख्यमन्त्रीले विश्वासका मतका लागि पेस गर्नुभएको प्रस्तावका पक्षमा २८ मत परेको र सो संख्या प्रदेशसभामा तत्काल कायम रहेको सदस्य संख्याको बहुमत भएको सभामुख भीमबहादुर भण्डारी घोषणा गर्नुभयो।

प्रतिपक्षी दल नेपाली कांग्रेस, नागरिक उन्मुक्ति पार्टीका पाँच सदस्यसहितले गरेको बेल घेराउ र नाराबाजीका बीच मुख्यमन्त्रीले विश्वासको मत पाउनुभएको हो । दोस्रो बैठक प्रारम्भ हुनासाथ प्रतिपक्षी दलका सदस्यले बेल घेराउ गरी नाराबाजी गरिरहँदा सभामुख भीमबहादुर भण्डारीको अनुमतिमा मुख्यमन्त्री सोडारीले विश्वासको मतसम्बन्धी प्रस्ताव पेस गर्नुभएको थियो। नाराबाजीका बीच सभामुखले मतविभाजको प्रक्रियाद्धारा मुख्यमन्त्रीले पेश गरेको प्रस्तावलाई बैठकमा निर्णयार्थ पेस गर्नुभयो। यससँगै प्रतिपक्षी नेपाली कांग्रेसका १८,नागरिक उन्मुक्तिका पाँच र राप्रपाका एक सदस्यले मतदान प्रक्रियामा भाग नलिई बैठकबाट बाहिरिनुभएको थियो । प्रदेशसभाबाट विश्वासको मतपाएपछि बैठक कक्ष बाहिर मुख्यमन्त्री सोडारीले एक-दुई दिनभित्र सरकारले पूर्णता पाउन बताउनुभयो । यसअघि विहिबारै प्रदेशसभाको पहिलो बैठक प्रारम्भ हुनासाथ प्रतिपक्षी दलका सदस्यले आफ्नो ठाउँबाट उठेर विरोध गर्नुभएको थियो। सभामुखले आफ्नो भनाइ राख्न दिएको समयमा प्रतिपक्षी नागरिक उन्मुक्ति पार्टीका घनश्याम चौधरीले सरकार गठनको प्रक्रियामा प्रश्न उठाउनुभएको थियो।

विहिबारको प्रदेशसभा बैठकमा नागरिक उन्मुक्ति पार्टीका पाँच सदस्य प्रतिपक्षी बेञ्चमा र दुई सदस्य सत्तापक्षीय बेञ्चमा बस्नु भएको थियो। सत्तापक्षीय बेञ्चमा बस्नेमा नागरिक उन्मुक्ति पार्टीको तर्फबाट भौतिक पूर्वाधार विकास मन्त्री कैलाश चौधरी र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री टीका थापा हुनुहुन्छ।

नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), नागरिक उन्मुक्ति पार्टीका दुई सदस्य, स्वतन्त्र सदस्य डा तारा जोशीको समर्थनमा सोडारी प्रदेशको मुख्यमन्त्रीमा गत वैशाख ६ गते नियुक्त हुनुभएको थियो । त्रिपन्न सदस्यीय प्रदेशसभामा नेपाली कांग्रेसका १८, नेकपा (माओवादी केन्द्र)को सभामुखबाहेक १०, नेकपा (एमाले) को ११, नागरिक उन्मुक्ति पार्टीको सात, नेकपा (एकीकृत समाजवादी) पार्टीका चार, राप्रपा र स्वतन्त्र एक-एक सदस्य हुनुहुन्छ।रासस

# एकीकृत समाजवादीद्वारा श्रम आयोग गठनको माग




काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) को केन्द्रीय कमिटी बैठकले अनौपचारिक क्षेत्रका श्रमजीवीलाई सामाजिक सुरक्षा कोषमा समावेश गर्न श्रम आयोग गठनको माग गरेको छ।

केन्द्रीय कमिटी बैठकको निर्णय सार्वजनिक गर्न विहिबार आयोजित पत्रकार सम्मलेनमा पार्टी अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले श्रम निरीक्षण प्रणालीजस्ता संवैधानिक, कानुनी तथा नीतिगत व्यवस्थालाई प्रभावकारी रूपमा लागू गर्दै श्रमको अवस्थामा सुधार ल्याउन सरकार र सम्बन्धित सबै सरोकारवाला पक्षसँग माग गर्नुभयो । जनताको बचत अपचलन गरी ठूलो धनराशि दुरुपयोग गरेका सहकारी संस्थामाथि छानबिन समिति गठन गरेर दोषीलाई कारबाही गर्नुपर्ने उहाँको भनाइ छ। यस क्षेत्रमा देखिएका समग्र समस्या समाधानका लागि आर्थिक तथा वित्तीय अपराधमा संलग्न सबैलाई दण्डित गरी पीडित नागरिकको निक्षेप फर्काउन अध्यक्ष नेपालले सरकारसँग आग्रह गर्नुभयो।

मुलुकका विभिन्न स्थानमा यो वर्ष डढेलो र आगलागीमा परी ठूलो जनधनको क्षति भएकामा दुःख व्यक्त गर्दै बैठकले घाइतेको निःशुल्क उपचार र धनजनको क्षति व्यहोरेका पीडित परिवारलाई उचित राहत तथा क्षतिपूर्ति दिन सरकारसँग माग गरेको छ। आगामी मनसुनको समयमा सामान्यभन्दा अधिक वर्षा हुने भएकाले विषम मौसम पूर्वानुमानलाई ध्यानमा राख्दै अधिक वर्षा र बाढी, पहिरोबाट हुने जनधनको न्यूनीकरण गर्न आवश्यक पूर्वतयारीमा रहन पार्टीले सरकारको ध्यानाकर्षण गराएको छ। बैठकले नदी किनारा र बाढीले प्रभावित हुनसक्ने क्षेत्रका जनतालाई सतर्क रहनसमेत अपिल गरेको छ।

वर्षाको सुरूआत भएपछि मुलुकभर रोपाइँको गतिविधि तीव्र रूपमा अगाडि बढ्ने अवस्थामा रोपाइँका लागि आवश्यक पर्ने बीउबिजन र मलखाद आपूर्तिको व्यवस्था सुनिश्चित गर्न बैठकले माग गरेको छ । लगानी र उत्पादनको वातावरण बनाउन, उद्यमीको संरक्षण गरी आर्थिक, वित्तीय तथा मौद्रिक नीतिहरूमार्फत अर्थतन्त्रको वर्तमान निराशापूर्ण अवस्थामा जिम्मेवारीपूर्वक हस्तक्षेप गर्न आग्रह गरेको छ।

स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगका लागि लगानीको वातावरण तयार गर्न, औद्योगिक विकासलाई तीव्रता दिन व्यवस्थापनमा सुधार गर्दा नाफामा जान सक्ने सार्वजनिक संस्थानहरूलाई सञ्चालन गर्न, औद्योगिक क्षेत्रको पूर्वाधार विकासमा तदारुकता देखाउन तथा लगानीमैत्री कानुन एवं छिटो-छरितो कार्यविधि निर्माण गर्न माग गरेको बैठकले वित्तीय सुविधामा निश्चित व्यावसायिक घरानाको मात्र पहुँच हुने वर्तमान वित्तीय एकाधिकारको स्थितिको अन्त्य गरी अधिकतम रोजगारी सिर्जना गर्ने साना तथा मझौला व्यवसायीलाई प्रोत्साहन गर्ने नीति तय गर्नुका साथै नेपालमा आयात हुने तयारी माल/वस्तुमा भन्सार कम गर्ने तथा कच्चा पदार्थको आयातमा भन्सार दर बढी हुने व्यवस्थाको अन्त्य गरी उत्पादनमैत्री कानुनी व्यवस्था गर्न बैठकले सुझाएको छ।

इजरायलमा अध्ययन गर्न गएका नेपालका विपिन जोशी लामो समयदेखि हमासको कब्जामा रहेकाले बैठक उहाँलाई सकुशल मुक्त गर्न सम्बन्धित अधिकारीहरूसमक्ष बैठकले अपिल गरेको छ। रूस-युक्रेन युद्ध लम्बिँदै र जटिल बन्दै गएको, हतियारको अत्यधिक प्रयोग बढ्दै गएको र धनजनको क्षति त्यही रूपमा बढ्दै गएकाले आर्थिक विकासमा बाधा, खाद्यान्नको अभाव, महँगी, विश्वव्यापारमा तथा रोजगारीमा गिरावट, इन्धनको मूल्यमा बृद्धिजस्ता नकारात्मक प्रभाव बढ्दै गएको तथा युद्धरत मुलुकहरू तथा यस युद्धमा प्रत्यक्ष-अप्रत्यक्ष रूपले संलग्न मुलुकलाई संयमित हुन र वार्ताद्वारा समस्याको समाधानमा प्रभावकारी भूमिका खेल्न संयुक्त राष्ट्रसंघलगायत अन्तर्राष्ट्रिय संस्थाहरूलाई बैठकले अनुरोध गरेको छ।

बैठकले रूसी सेनामा नेपाली युवाको भर्ती कार्य रोक्न, युद्धमा मारिएका र घाइतेलाई क्षतिपूर्ति दिलाउन, रूसी सेनामा फसेका युवालाई स्वदेश फिर्ता गर्न, बेपत्ता भएकाहरूको खोजी गर्न र गैरकानुनी रूपमा रूसी सेनामा भर्ती गराउनेलाई कारबाहीको दायरामा ल्याउनेलगायत सरकारसमक्ष माग गरेको छ । बैठकले ताप्लेजुङ जिल्लामा अवस्थित प्रसिद्ध धार्मिकस्थल मुक्कुमलुङ/पाथीभारा क्षेत्रमा केबुलकार निर्माण गर्दा त्यहाँका आदिवासी लिम्बूको मुन्दुमी पवित्रस्थल, जैविक विविधता, महत्त्वपूर्ण जडीबुटीको संरक्षणको माग गरेको छ। रासस

# यात्रुलाई झन्झटरहित सेवा दिन गृहमन्त्री लामिछानेको निर्देशन



काठमाण्डु । उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेले अन्तर ाष्ट्रिय विमानस्थलबाट बाहिरिने तथा नेपाल आउने यात्रुलाई झन्झटरहित सेवा दिन निर्देशन दिनुभएको छ।

विहिबार हज कमिटीमा जानेहरूको बिदाइ गर्न विमानस्थल पुग्नुभएका उपप्रधानमन्त्री एवं गृहमन्त्री लामिछानेले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका विभिन्न क्षेत्रको अनुगमन गर्नु भएपछि सो निर्देशन दिनुभएको हो ।यसैगरी मन्त्री लामिछानेले आगमन र प्रस्थान कक्षको सौन्दर्यकरणमा पनि ध्यान दिननिर्देशनदिनुभयो।उहाँलेभन्नुभयो, "यात्रुहरुलाई झन्झटरहित सेवा दिनुहोला,विमानस्थललाईउच्चतम प्रविधिमैत्री बनाउनु त्यसतर्फ ध्यान दिइने छ।"

मन्त्री लामिछानेले विहिबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका प्रस्थान, आगमन कक्ष, बोर्डिङ काउन्टर, अध्यागमन काउन्टर, स्टेपलाइज क्षेत्र, अध्यागमन र प्रहरीका कार्यालय, भन्सार जाँचपास, लगेज व्यवस्थापनलगायत क्षेत्रको अनुगमन गर्नु भएको विमानस्थल सुरक्षा प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक कृष्णहरि शर्माले राससलाई जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "मन्त्रीज्युले विमानस्थलका विभिन्न क्षेत्रको अनुगमन गर्नु भएको थियो, उहाँ समक्ष हामीले पनि आ-आफ्ना निकायका जिम्मेवारी, जनशक्ति, कार्य प्रणाली र समस्याबारे अवगत गराएका थियौँ ।"मन्त्री लामिछानेले यात्रुले गर्दै आएका गुनासो, सुरक्षा संवेदनशीलता, अध्यागमनलाई थप प्रविधिमैत्री बनाउनगर्नुपर्ने काम र अध्यागमनका कर्मचारीको ड्युटी रोष्टर प्रणालीबारे विशेष चासो व्यक्त गर्नुभएको विमानस्थल कार्यालयले जनाएको छ।रासस


**Govt.of Madhesh Pradesh**

**Ministry of Labour and Transport**

**Janakpurdham**

**Invitation for Bids**

**(First Time Published Date: 2081/02/04)**

1. Ministry of Labour and Transport, Madhesh Pradesh, Janakpurdham invites online bid under e-biding system through National Competitive Bidding (NCB) Single Stage Single Envelope Bidding procedure.

| S. N | Contract ID No. | Name of Work | Bid Security Amount (NRs) | Cost of Bidding Document (NRs) | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|
| 1 | MOLT/MP/NCB/ GOODS/080/81/03 | Purchase of 600 KM Range Electric Vahicle (EV) Qty-1 | 2,80,000/- | 3,000/- | 2024/06/16 (B.S. 2081/03/02) 12:00:00 hours | 2024/06/16 (B.S. 2081/03/02) 14:00:00 hours |
| 2 | MOLT/MP/NCB/ GOODS/080/81/04 | Purchase of SUV Qty-1 | 2,00,000/- | 3,000/- | 2024/06/16 (B.S. 2081/03/02) 12:00:00 hours | 2024/06/16 (B.S. 2081/03/02) 14:00:00 hours |
| 3 | MOLT/MP/NCB/ GOODS/080/81/05 | Purchase of 400 KM Range Electric Vehicle (EV) Qty-2 | 3,25,000/- | 3,000/- | 2024/06/16 (B.S. 2081/03/02) 12:00:00 hours | 2024/06/16 (B.S. 2081/03/02) 14:00:00 hours |

2. Eligible bidders may obtain further information form the office of Ministry of Labour and Transport, Madhesh Pradesh, Janakpurdham or may visit **https://www.bolptra.gov.np/egp/**

# जलवायु परिवर्तनले बैङ्कको स्थानान्तरण बाध्य पार्न सक्ने अधिकारीहरूको चेतावनी

एएफपी

बैङ्कक । थाइल्यान्डले बढ्दो समुद्री सतहका कारण आफ्नो राजधानी बैङ्कक स्थानान्तरण गर्ने विचार गर्नुपर्ने देशको जलवायु परिवर्तन विभागका एक वरिष्ठ अधिकारीले बुधबार बताउनुभएको छ । बैङ्कक शताब्दीको अन्त्यअघि समुद्रले डुबानमा पर्ने जोखिम रहेको लगातारको अनुमानले देखाइरहेको छ । व्यस्त राजधानीको धेरैजसो भाग वर्षाका मौसममा बर्सेनि बाढीसँग जुधिरहेको छ ।



जलवायु परिवर्तन तथा वातावरण विभागका उपमहानिर्देशक पाभिच केसावाओङ्ले सहरले हालको तापक्रमको मार्गमा विश्वसँग अनुकूलन गर्न नसक्ने चेतावनी दिनुभयो । "मलाई लाग्छ कि हामी पहिले नै एक दशमलव पाँच डिग्री सेल्सियसभन्दा माथि भन्ने मलाई लाग्छ ।"

बैङ्कक सरकारले नेदरल्यान्ड्समा प्रयोग भएजस्तै बाँधहरूको निर्माण गर्ने उपायहरू खोजिरहेको छ । छलफल काल्पनिक भए पनि मुद्दा जटिल भएकोमा जोड दिँदै पाभिचले भन्नुभयो, "हामीले स्थानान्तरणबारे सोच्दै आएका छौँ, व्यक्तिगत रूपमा मलाई यो राम्रो विकल्प लाग्छ,

> मन्त्रिपरिषद्ले यस वर्ष स्वच्छ हावामा केन्द्रित एउटा विधेयकलाई अनुमोदन गरेको तथा राष्ट्रिय निकुञ्जका अधिकारीहरूले संरक्षित क्षेत्रहरूमा आगलागी रोक्न र निभाउने प्रयासहरू बढाएको पाभिचले बताउनुभयो ।

छौँ, अब हामीले अनुकूलनका बारेमा सोच्नुपर्छ", पूर्व-औद्योगिक स्तरबाट विश्वव्यापी तापक्रममा भएको वृद्धिलाई उल्लेख गर्दै उहाँले एएफपीलाई भन्नुभयो, "यदि हामी हाम्रो वर्तमान परिस्थितिमा रहिरह्यौँ भने बैङ्कक पानीमा डुबिसकेको हुनेछ त्यसैले हामीले राजधानी, सरकारी क्षेत्र र व्यापारिक क्षेत्रहरू अलग गर्न सक्छौँ ।"थाइल्यान्डले गर्मी र खडेरीसँग सङ्घर्ष गरिरहेका किसानदेखि लिएर कोरल ब्लिचिङ र प्रदूषणबाट प्रभावित पर्यटन व्यवसायसम्म विभिन्न क्षेत्रमा जलवायु परिवर्तनको प्रभाव झेलिरहेको छ । हालैको कोरल ब्लिचिङको प्रतिक्रियामा यसले धेरै राष्ट्रिय निकुञ्जहरू बन्द गरेको छ ।

पाभिचले थप निकुञ्ज बन्द हुने सम्भावना रहेको बताउनुभयो । "हामीले हाम्रो प्रकृतिलाई जोगाउनु पर्छ, त्यसैले हाम्रा स्रोतहरूको रक्षा गर्न हामी कुनै पनि उपाय अवलम्बन गर्नेछौँ", उहाँले भन्नुभयो ।

यद्यपि विशेषगरी थाइल्यान्डको उत्तरमा वायु प्रदूषणको बढ्दो समस्यालाई सम्बोधन गर्ने सरकारी प्रयासले अझै प्रतिफल दिन नसकेको पनि पाभिचले स्वीकार गर्नुभयो ।

मन्त्रिपरिषद्ले यस वर्ष स्वच्छ हावामा केन्द्रित एउटा विधेयकलाई अनुमोदन गरेको तथा राष्ट्रिय निकुञ्जका अधिकारीहरूले संरक्षित क्षेत्रहरूमा आगलागी रोक्न र निभाउने प्रयासहरू बढाएको पाभिचले बताउनुभयो ।पाभिचले कार्बन मूल्य निर्धारण र न्यूनीकरणदेखि लिएर अनुकूलन उपायहरूसम्म सबै कुराको प्रावधान समावेश रहेको विधेयक यस वर्ष कानूनमा पारित हुने सम्भावना रहेको बताउनुभयो ।

थाइल्यान्डले सन् २०५० सम्ममा कार्बन तटस्थता र सन् २०६५ सम्ममा शुद्ध-शून्यको लक्ष्य राखेको छ ।

# पुटिनसँग सहकार्य गर्न चिनियाँ सी तयार

एएनआई

बेइजिङ ।रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको बेइजिङ आगमनपछि चिनियाँ राष्ट्रपति सी जिनपिङले दुई देशबीचको द्विपक्षीयसम्बन्धकोभविष्यलाईसुदृढ बनाउन संयुक्तरूपमा काम गर्ने इच्छा व्यक्त गर्नुभएको छ ।

बेइजिङस्थित ग्रेट हल अफ द पिपलमा भएको बृहत् वार्ताका क्रममा चिनियाँ राष्ट्रपतिले दुई पक्षले कूटनीतिक सम्बन्धको ७५औँ वार्षिकोत्सवलाई नयाँ सुरुआतका रूपमा लिनुपर्ने, विकास रणनीतिमा थप समन्वय गर्नुपर्ने र द्विपक्षीय सहयोगलाई समृद्ध बनाउने पहल जारी राख्नुपर्ने बताउनुभयो । सिन्ह्वाले रिपोर्ट गरेअनुसार राष्ट्रपति जिनपिङले दुई देशबीच सहकार्यका लागि विभिन्न क्षेत्रमा नयाँ योजना बनाउन तयार रहेको बताउनुभयो ।

राष्ट्रपति जिनपिङले यस वर्ष चीनको स्थापनाको ७५औँ वार्षिकोत्सव भएको उल्लेख गर्दै देशले सबै मोर्चामा चिनियाँ आधुनिकीकरणलाई अगाडि बढाइरहेको र उच्च गुणस्तरको विकासको माध्यमबाट नयाँ उत्पादक शक्तिहरूलाई बढावा दिन द्रुत गतिमा अघि बढिरहेको बताउनुभयो । उहाँले चीन र रुस दुवै संयुक्त राष्ट्र सुरक्षा परिषद् र प्रमुख उदीयमान बजारका स्थायी सदस्य रहेको कुरामा जोड दिनुभयो ।



सिन्ह्वाका अनुसार यो भेट रणनीतिक समन्वयलाई गहिरो बनाउन, पारस्परिक लाभदायक सहयोग विस्तार गर्न र विश्वमा बहुध्रुवीयता र आर्थिक भूमण्डलीकरणको सामान्य ऐतिहासिक प्रवृत्ति पछ्याउन दुवै देशको साझा रणनीतिक छनोट हो । राष्ट्रपतिका रूपमा आफ्नो नयाँ कार्यकाल सुरु गरेपछि रुसी राष्ट्रपतिको यो पहिलो विदेश भ्रमण भएको उल्लेख गर्दै राष्ट्रपति पुटिन र रुसी सरकारले चीन-रुस सम्बन्धको विकासमा राखेको ठूलो महत्त्व दर्शाउनेमा राष्ट्रपति जिनपिङले जोड दिनुभयो ।

छलफलका क्रममा चिनियाँ राष्ट्रपतिले पुटिनलाई 'पुरानो मित्र' का रूपमा अभिवादन गर्नुभयो र चीन र रुसले विगत एक दशकमा ४० भन्दा बढी बैठकमा एकअर्कालाई 'रणनीतिक मार्गदर्शन' प्रदान गरेको बताउनुभयो । चीन भ्रमणका क्रममा पुटिन चीनको उत्तरपूर्वी हेइलोंगजियाङ प्रान्तको राजधानी हार्बिन जानुहुने कार्यक्रम रहेको छ । त्यहाँ उहाँले व्यापार र सहयोगका कार्यक्रममा भाग लिनुहुनेछ। ऐतिहासिकरूपमा चीन र रुसबीचको सीमा तनावले ग्रस्त यस क्षेत्रमाहालैकावर्षहरूमाकनेक्टिभिटी बढेको देखिएको छ । यसबाट दुई छिमेकीबीच घनिष्ठ आर्थिक र सांस्कृतिक सम्बन्ध सुधारिएको पाइएको छ ।

# नेपालका तीन खेलाडीले एसियाली पारा तेक्वान्दोमा प्रतिस्पर्धा गर्ने



काठमाण्डु । नवौँ एसियाली पारा तेक्वान्दो च्याम्पियनसिप २०२४ मा नेपालबाट तीन खेलाडीले प्रतिस्पर्धा गर्ने भएका छन् ।

प्रतियोगितामा पलेशा गोवर्धनले महिला ५७, भरतसिंह महताले पुरुष ५८, र अमिर भ्लोनले पुरुष ६३ केजीमुनि तौलसमूहमा प्रतिस्पर्धा गर्नेछन् । उनीहरूको प्रशिक्षकमा कविराज नेगी लामा रहनुभएको छ । उक्त प्रतियोगितामा विभिन्न ३१ राष्ट्रका खेलाडीले सहभागिता जनाउने बताइएको छ । पलेशाले छनोट चरण पार गरेर पेरिस पारालिम्पिकमासहभागितानिश्चित गरिसकेकी छिन् । छनोटचरण पार गरेर पारालिम्पिकमा सहभागिता पक्का गर्ने पलेशा पहिलो र एकमात्र खेलाडी हुन् । पलेशा चीनको ताइयानमा गत चैत ४ गते भएको एसियाली छनोटमा स्वर्ण पदक जित्दै पेरिस पारालिम्पिकमा छनोट भएकी थिइन्।

उनी चौथो एसियाली पारा खेलकुदको कांस्य पदक विजेता पनि हुन् । पारा एसियाली खेलकुदमा नेपालले सो पदकमात्र हासिल गरेको थियो । पलेशाले सन् २०२१ मा बहराईनमा भएको युथ एसियन गेम्समा स्वर्ण पदक र सन् २०१८ मा भियतनाममा भएको एसियन पारा तेक्वान्दो च्याम्पियनसिपमा कांस्य पदक जितेकी थिइन् ।नेपाल तेक्वान्दो सङ्घले पेरिस पारालिम्पिकमा सहभागी गराउन अमिर र भरतको वाइल्ड कार्डका लागि आवेदन दिइसकेको प्रशिक्षक लामाले जानकारी दिनुभयो । एसियन च्याम्पिनसिपबाट र्याङकिङमा आउन र र्याङकिङमा सुधार गर्न मद्दत पुग्ने भएको हुँदा अमिर र भरतलाई सहभागी गराइएको हो ।

प्रशिक्षकको भूमिकामा रहेका लामाले सन् २०१५ देखि पारा तेक्वान्दो प्रशिक्षकको जिम्मेवारी सम्हाल्दै आएका छन् । उनको प्रशिक्षणमा नेपालले अहिलेसम्म १० वटा अन्तर्राष्ट्रिय पदक जितिसकेको छ । जसमा तीन स्वर्ण, दुई रजत र पाँच कांस्यपदक छन् ।सहभागी हुन तीन खेलाडीसहित चार सदस्यीय नेपाली टोली भोलि शुक्रबार भियतनामको दनाङप्रस्थान गर्नेछन्। नेपाली टोलीलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्य सचिव टङ्कलाल घिसिङले सफलताको शुभकामना दिँदै विहिबार आयोजित एक कार्यक्रममा बिदाई गर्नुभयो ।रासस

# सेनाका रोक्काले हात पारे राष्ट्रिय खुल्ला हाफ म्याराथनको उपाधि

लुम्बिनी । राष्ट्रिय खुल्ला हाफ म्याराथन तथा रोड रेस प्रतियोगिताको उपाधि नेपाली सेनाका राजन रोक्काले हात पारेका छन् । नेकपा (एमाले)का तत्कालीन महासचिव मदन भण्डारीको ३१औं स्मृति दिवसका अवसरमा विहिबार बुटवलमा मदन भण्डारी स्पोर्ट्स एकेडेमीद्वारा आयोजित सो प्रतियोगिताको उनीले निर्धारित २१ किलोमिटर दूरी एक घण्टा ९ मिनेट २४ सेकेन्डमा पूरा गरेका थिए । म्याराथनमा च्याम्पियन बनेका रोक्काले रु एक लाख पुरस्कार हात पारेका छन् । 'सबैका लागि खेल' भन्ने नारासहित आयोजना गरिएको म्याराथनमा १ घण्टा १० मिनेट १४ सेकेन्डमा निर्धारित दुरी पार गरेर सेनाकै नरेन्द्र रावत दोस्रो भइ रु ७५ हजार पुरस्कार प्राप्त गरेका छन् ।



त्यस्तै सेनाकै रामजी बस्नेतले एक घण्टा १० मिनेट ३३ सेकेन्डमा दुरी पार गर्दै तेस्रो भइ रु ५० हजार पुरस्कार प्राप्त गरेका छन । हाफ म्याराथनमा जुम्लाका दुर्गा बुढा चौँथो,सेनाकै श्रीष लाल पाँचौं तथा सशस्त्र प्रहरी बलका किरणसिंह बोगटीले छैटौं स्थान प्राप्त गरेका छन् ।

चौथो बनेका बुढाले रु ३० हजार, पाँचौं बनेका श्रीष लालले रु २० हजार र छैटौं बनेका बोगटीले रु १० हजार पुरस्कार प्राप्त गरेका छन् । बुटवल बेलहिया ६ लेन सडकखण्ड अन्तर्गत बुटवलको कालिकानगरबाट सुरु भएको हाफ म्याराथन तिलोत्तमाको पत्थरडाँडा पुगेर योगिकुटीमा समापन भएको थियो । प्रतियोगिता संयोजक तथा एकेडेमिका एथ्लेटिक्स विभाग प्रमुख मोहनबहादुर घलेका अनुसार एकेडेमीले मदन भण्डारी स्मृति दिवसका अवसरमा राष्ट्रिय खुल्ला हाफ म्याराथनसँगै थप चार विधाका रोड रेस प्रतियोगिता समेत आयोजना गरेको थियो ।

यसमा १० किलोमिटरको खुल्ला महिला दौड प्रतियोगिता, १० किलोमिटर दुरीकै कलेजस्तरीय खुल्ला छात्र दौड, पाँच किलोमिटर दुरीको विद्यालय स्तरीय खुल्ला छात्र र तीन किलोमिटर दुरीको खुल्ला छात्रा दौड प्रतियोगिता राखिएको थियो । सबै विधाका प्रतियोगितामा प्रथमदेखि छैटौंसम्म हुने खेलाडीलाई नगदसहित पुरस्कृत गरिएको एकेडेमीका अध्यक्ष ध्रुव आचार्यले जानकारी दिनुभयो । प्रतियोगिताका उत्कृष्ट धावकलाई एमालेका केन्द्रीय सचिव छविलाल विश्वकर्माले पुरस्कार प्रदान गर्नुभएको थियो ।रासस

# बेलायतमा बालबालिकाका लागि यौन शिक्षामा प्रतिबन्ध लगाइने



एएफपी

लन्डन । बिहीबार प्रकाशित हुने नयाँ सरकारी प्रस्तावअनुसार इङ्गल्यान्डका विद्यालयहरूमा नौ वर्षभन्दा कम उमेरका बालबालिकालाई यौन शिक्षा र लिङ्ग पहिचान शिक्षामाथि प्रतिबन्ध लगाइने भएको छ ।

यसले प्राथमिक उमेरका स्कुले बालबालिकाका लागि पाठको विषयवस्तुमा चिन्ता दर्शाएको शिक्षा मन्त्रालयको विज्ञप्तिमा उल्लेख छ । "आफ्ना बालबालिकालाई विद्यालय पठाउँदा उनीहरूलाई सुरक्षित राखिन्छ र बालबालिकाको उमेरका लागिअनपयुक्तविचलितसामग्रीकोसम्पर्कमा आउँदैनन भन्नेबारे अभिभावकले भरोसा गरेका हुन्छन्", कन्जरभेटिभ प्रधानमन्त्री ऋषि सुनकलाई उद्धृत गर्दै विज्ञप्तिमा भनिएको छ, "त्यसैले गत वर्ष हाम्रा कक्षाहरूमा यस्तो भएको खबर सुनेर म भयभीत भएको थिएँ ।"नौ वर्षभन्दा कम उमेरका बालबालिकाका लागि यौन शिक्षामाथि प्रतिबन्धका साथै लिङ्ग पहिचानको विवादित सिद्धान्त पनि नपढाइने मन्त्रालयले बताएको छ ।

गत महिना लैङ्गिक पहिचानका मुद्दाहरूसँग जुधिरहेका युवाहरूलाई नारी बनाउने हर्मोन उपचारहरू सिफारिस गर्नमा 'अत्यन्त सावधानी' उपाय चाल्न आग्रह गर्ने गत महिना भएको ऐतिहासिक समीक्षापछि यस्तो कदम चालिएको हो । नयाँ प्रस्तावमा आत्महत्या रोकथाममा थप सामग्री र अनलाइन आत्मक्षतिलाई बढाउने सामग्री हेर्ने जोखिमहरू पनि समावेश हुनेछ। प्रस्ताव नौ साताको परामर्शको अधीनमा हुनेछ र अन्तिम रूप दिइएपछि वैधानिक हुनेछ ।

# राष्ट्रपति पुटिन चीन भ्रमणमा

एएनआई

बेइजिङ ।रुसी राष्ट्रपति भ्लादिमिर पुटिन आफ्नो दुई दिने राजकीय भ्रमणका लागि चीन आइपुग्नुभएको सिएनएनले जनाएको छ । मस्को र बेइजिङबीचको सम्बन्ध प्रगाढ बनाउन उहाँ बिहीबार बिहान यहाँ आइपुग्नुभएको हो ।



राष्ट्रपतिको रूपमा नयाँ कार्यकाल प्रारम्भ गरेपछि पुटिनको यो पहिलो प्रतीकात्मक विदेश भ्रमण हो । युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले देशको उत्तर-पूर्वी खर्सिभ क्षेत्रमा रुसको आक्रमणका विरुद्ध आफ्नो सेनाले प्रतिरक्षा गरिरहेको बेला आगामी सबै अन्तर्राष्ट्रिय भ्रमणहरू रोक्ने घोषणाको केही घण्टापछि रुसी राष्ट्रपति पुटिन चीनको राजधानी बेइजिङ आइपुग्नु भएको हो । सीएनएनका अनुसार चीनियाँ राष्ट्रपति सी जीङपिङ र रुसी राष्ट्रपति पुटिनको बैठकमा रुस-युक्रेन द्वन्द्व, गाजा युद्धको छलफलसँगै दुई देशबीचको व्यापार, सुरक्षा र ऊर्जा सम्बन्ध विस्तार गर्ने विषयमा पनि छलफल हुने अपेक्षा गरिएको छ ।

भ्रमण अगावै राष्ट्रपति पुटिनले चिनियाँ समाचार संस्था सिन्ह्वासँगको अन्तर्वार्तामा दुई देशबीचकोरणनीतिकसाझेदारीकोप्रशंसा गर्नुभएकोथियो।उहाँलेदुईदेशबीच विदेश नीति समन्वयलाई सुदृढ पार्ने, उद्योग र उच्च प्रविधि, बाह्य अन्तरिक्ष र आणविक ऊर्जा, कृत्रिम बुद्धिमता, नवीकरणीय ऊर्जा र अन्य क्षेत्रको प्रयोगको सहकार्यलाई मजबुद बनाउने लक्ष्य राखेको बताउनुभयो । यसै क्रममा राष्ट्रपति पुटिनले चीनको युक्रेन सङ्कट समाधान गर्ने दृष्टिकोणको पनि प्रशंसा गर्नुभएको थियो । दुवै नेताले रुस-युक्रेन द्वन्द्व सुरु भएदेखि नै आफ्नो देशको कूटनीतिक, व्यापार र सुरक्षा सम्बन्धलाई बलियो बनाउने पहल जारी राखेका छन् ।

भेटमा दुवै नेताले द्विपक्षीय सम्झौताहरूमा हस्ताक्षर गर्ने अपेक्षा गरिएको रुसी क्रेमलिनले जनाएको छ । चिनियाँ समाचार एजेन्सीले वर्णन गरेअनुसार चीन र रुसले आफ्नो कूटनीतिक सम्बन्धको ७५ वर्ष मनाउँदैछन् । बेइजिङमा राष्ट्रपतिसीसँगकोभेटबाहेकपुटिनले रुसको सुदूर पूर्वको सिमानामा रहेको चीनको उत्तर-पूर्वी हेइलोंगजियाङ प्रान्तको राजधानी हार्बिनको पनि भ्रमण गर्ने योजना

# स्लोभाक प्रधानमन्त्रीमाथि आक्रमण कायरतापूर्ण : प्रधानमन्त्री मोदी

एएनआई

नयाँदिल्ली । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले स्लोभाकियाका प्रधानमन्त्री रोबर्ट फिकोमाथि भएको गोली प्रहारलाई 'कायरतापूर्ण र डरलाग्दो कार्य' भएको निन्दा गर्दै प्रधानमन्त्री फिकोको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको छ ।

"स्लोभाकियाका प्रधानमन्त्री रोबर्ट फिकोमाथि गोली प्रहारको खबरले गहिरो आघात लाग्यो । म यो कायरतापूर्ण कार्यको कडा निन्दा गर्दछु र प्रधानमन्त्री फिकोको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु । भारत स्लोभाक गणतन्त्रका जनतासँग एकतामा उभिएको छ", सामाजिक सञ्जाल एक्समार्फत प्रधानमन्त्री मोदीले भन्नुभयो ।



स्लोभाकियाका चौथो पटक प्रधानमन्त्री रहनुभएका रोबर्ट फिको बुधबार (स्थानीय समय) ह्यान्ड्लोभामा गोली प्रहारमा परी घाइते हुनुभएको स्थानीय पत्रिका द स्लोभाक स्पेक्टेटरले जनाएको छ । आक्रमणपछि उहाँलाई अस्पतालमा भर्ना गरिएको थियो ।प्रधानमन्त्री फिको मानिसहरूलाई भेट्न निस्किँदा घटनास्थलमा गोली प्रहार गरिएको थियो भने आरोपित आक्रमणकारीलाई घटनास्थलमै पक्राउ गरिएको थियो र उक्त क्षेत्र खाली गराइएको थियो ।

प्रत्यक्षदर्शीका अनुसार प्रधानमन्त्री फिको उहाँलाई स्वागत गर्ने मानिसहरूलाई भेट्न बाहिर आएपछि गोलीको आवाज सुनिएको थियो । त्यसपछि फिकोलाई रगतमा लतपतिएको अवस्थामा भुइँमा लडेको पाइएको थियो ।यो घटना ह्यान्डलोभामा भएको सरकारी बैठकपछि भएको हो र घटनापश्चात प्रधानमन्त्री फिकोलाई तुरुन्त अस्पतालमा भर्ना गरिएको थियो ।

बेलायतका प्रधानमन्त्री ऋषि सुनकले घटनाको बारेमा सुनेर आफू 'स्तब्ध' भएको बताउनुभयो । "यो भयानक समाचार सुनेर स्तब्ध भएँ। हामी प्रधानमन्त्री फिको र उहाँको परिवारको साथमा छौँ", सामाजिक सञ्जाल एक्समा प्रधानमन्त्री सुनकले लेख्नुभयो । युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले स्लोभाकियाका प्रधानमन्त्रीविरुद्ध हिंसाको निन्दा गर्नुभएको छ ।

"स्लोभाकियाका प्रधानमन्त्री रोबर्ट फिकोमाथि भएको आक्रमण भयावह छ । हामी हाम्रो छिमेकी साझेदार राज्यकोसरकारकाप्रमुखविरुद्धकोहिंसाकोकडानिन्दा गर्दछौँ", जेलेन्स्कीले सामाजिक सञ्जालमा लेख्नुभयो ।

# ललितपुर मेयर कप महिला क्रिकेट : एपिएफ विजयी

काठमाण्डु । ललितपुर मेयर कप राष्ट्रिय महिला टी-ट्वान्टी क्रिकेटप्रतियोगिताअन्तर्गतसशस्त्र प्रहरी बलको एपिएफ क्लब विजयी भएको छ । एपिएफ क्लबले सुदूरपश्चिम प्रदेशलाई तीन विकेटले पराजित गरेको हो ।



कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा विहिबार भएको समूह चरणको अन्तिम खेलमा एपिएफ क्लब लगातार चौथो खेलमा पनि विजयी भयो ।

जितसँगै एपिएफ आठ अङ्कसहित शीर्ष स्थानमा छ । पराजित सुदूरपश्चिमले तीन खेलबाट चार अङ्क जोडेको छ ।

सुदूरपश्चिमले दिएको एक सय १२ रनको लक्ष्य एपिएफले दुई बल बाँकी छँदा सात विकेट गुमाउँदै पूरा गर्यो । एपिएफका लागि ममता चौधरीले सर्वाधिक ३२ रन बनाइन् । त्यस्तै रोमा थापाले २३, सरिता मगरले १९ र राजमति ऐरीले ११ रन बनाइन ।बलिङतर्फ सुदूरपश्चिमका लक्ष्मी साउदले दुई तथा जानकी थापा, कविता जोशी, ऋतु कनोजिया र कप्तान विन्दु रावलले एक-एक विकेट लिइन् ।

त्यसअघि टस हारेर पहिला ब्याटिङ गरेको सुदूरपश्चिमले निर्धारित २० ओभरमा पाँच विकेट गुमाउँदै एक सय ११ रनको योगफल बनायो । सुदूरपश्चिमका लागि विन्दु रावलले सर्वाधिक ३६ रन बनाइन् । कविता जोशीले अविजित २९ तथा रुवि पोदारले २९ रन बनाइन् ।

बलिङतर्फ एपिएफका रेखा रावल र इन्दु बर्माले एक एक विकेट लिए ।

पाँच टोली सहभागी उक्त प्रतियोगिताका शीर्ष स्थानमा रहने दुई टोलीले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् ।

# रोजाइमा आकर्षक र टिकाउ बेतका फर्निचर

धरान । धरान उपमहानगरपालिका-१० का ७० वर्षे रामबहादुर तामाङ बेतका फर्निचर बनाएर बिक्री सुरु गर्नुभएको साढे चार दशक बित्यो । भारतको सिलगुढीसम्म पुगेर बेत ल्याउने र त्यसैबाट बनेका सामान बिक्रीबाट उहाँले घरखर्च चलाइरहनुभएको छ ।

"साढे चारदशक भयो, बेतका सामान बनाउने र बिक्री गर्दै आएको छु", तामाङले भन्नुभयो, "यसको बजार अहिलेसम्म राम्रो छ। धरानमै बिक्री गर्दा पनि व्यापार फस्टाएको छ।" उहाँका अनुसार अहिले पनि मासिक रु ३५ हजारसम्म मजाले बचाउन सकिन्छ ।उहाँका अनुसार पछिल्लो समय बेतबाट बनेका डोका, डाला, नाङ्लोलगायतका सामानसँगै फर्निचरमा पनि मानिसको आकर्षण बढिरहेको छ। "पहिले डोका, डाला र नाङ्गो बढी बनाइथ्यो, अहिले भने बेतबाट बनेका फर्निचर सजावटका लागि आकर्षण र प्रयोगमा आरामदायी हुने भएकाले माग बढ्दो छ", उहाँले भन्नुभयो ।



उहाँले धरान र आसपासमा पर्याप्त बेत नपाइने भएकाले सिलगुडीसम्म जानुपरेको सुनाउनुभयो । "यहाँ पर्याप्त बेत नपाइने भएकाले भारतको सिलगुडीसम्म जानुपर्ने अवस्था छ, स्वदेशमै उत्पादन भए त्यहाँसम्म जानुपर्ने बाध्यता हुँदैनथ्यो र सामान पनि सस्तोमै उपलब्ध गराउन सकिन्थ्यो", उहाँले सुनाउनुभयो ।उहाँले अहिले बेतबाट कोक्रो, मुडा, ऱ्याक, कुर्सीलगायतका सामग्री उत्पादन गर्दै आउनुभएको छ ।

उहाँले बनाउनु भएका सामग्री विदेशीसमेत मन मराउने गरेको उहाँले सुनाउनुभयो। "बेतबाट बनेका सामान पनि बलियासँगै आकर्षित हुन्छन्, सजावटमा पनि अत्यधिक प्रयोग हुन्छ", उहाँले भन्नुभयो । उहाँका अनुसार अहिले एउटा सामानको रु तीन हजारदेखि रु पाँच हजार पाँच सयसम्ममा बिक्री हुने गरेको छ ।

सिलगुडीमा एक बण्डल बेत खरिद गर्दा रु तीन हजार पाँच सयसम्म पर्ने गरेको त्यसबाट तीन वटासम्म सामान बनाउन पुग्ने भएकाले घाटा नहुने उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "पसल आफ्नै घरमा भएकाले भाडा तिर्न पर्दैन, कुनै दिन व्यापार नभए पनि घाटा हुँदैन ।"रामबहादुर जस्तै धरान-११ का श्याम तामाङले पनि बेतका सामग्री बिक्रीबाटै खर्च धान्दै आउनुभएको छ। पछिल्लो २५ वर्षयता फर्निचर व्यापारमा सक्रिय उहाँले सुरमा काठका फर्निचरको व्यवसाय गरे पनि २० वर्षयता भने बेतका फर्निचरको व्यापार गर्दै आउनुभएको छ। "बेतका फर्निचरको व्यवसाय राम्रो छ, मैले मासिक रु ५० देखि ६० हजार आम्दानी गर्दै आएको छु", उहाँले भन्नुभयो ।

उहाँले अहिले २० देखि २५ वटा बेतको फर्निचर बिक्री गर्दै आउनुभएको छ । बेतबाट बनेका सोफा, डाइनिङ टेबल, प्लङ, कुर्सी, मुडा, ह्याङ्गर, धाकी, गमलालगायत विभिन्न सजावटका सामान उहाँको पसलमा पाइन्छन् ।

बेतको सामग्री निर्माण गर्ने नेपाली कालीगढ नभएकाले पाँच जनासम्म भारतीय कालीगढ राखेको उहाँले बताउनुभयो । उहाँका अनुसार बेतका फर्निचरको उत्पादन बढाउनसक्ने हो भने बजारको अभाव छैन । तर पर्याप्त बेत र कालीगढको अभावका कारण बजारमा मागअनुसारको सामग्री उपलब्ध गराउन नसकिएको उहाँको भनाइ छ । उहाँले बेतको सामान १५ देखि २० वर्षसम्म सजिलै प्रयोग गर्न सकिने बताउनुभयो ।

"नेपाली युवा रोजगारीको खोजीमा दिनहुँ विदेश पलायन भरहेका छन्, हातमा सीप भएमा नेपालमै व्यावसाय गरेर जीवनयापन गर्न सकिन्छ", उहाँले भन्नुभयो । बेतका फर्निचरहरु हेर्दा आकर्षक देखिनका साथै हलुका हुने भएकाले यसको प्रयोग धेरैको रोजाइमा पर्ने गरेको उहाँको भनाइ छ ।

उहाँका अनुसार बेत विशेष गरी दुई प्रकारको प्रयोग हुने गर्छ । भारत सिलगुडीमा उत्पादन हुने बेत अलिक मोटो हुने गर्छ भने पूर्वी पहाडी भेगका जङ्गलमा पाइने बेत पातलो हुन्छन् । यस्ता बेतलाई पानी बेत भनिन्छ। बेतमा बाँस प्रजातिमा पर्छ । तर बाँसभन्दा बलियो हुने गर्छ ।रासस

> "नेपाली युवा रोजगारीको खोजीमा दिनहुँ विदेश पलायन भरहेका छन्, हातमा सीप भएमा नेपालमै व्यावसाय गरेर जीवनयापन गर्न सकिन्छ," उहाँले भन्नुभयो ।

# विपन्नको जीवनस्तर उकास्न बाख्रा वितरण

विपन्नको जीवनस्तर उकास्न बाख्रा वितरण

कमलामाई । कार्यालयको समयमा सधैँजसो सेवाग्राहीको बाक्लै चहलपहल हुने कमलामाई नगरपालिका, सिन्धुलीको कार्यालयमा गत आइतबार बाख्राको भीड लाग्यो । प्रायः सेतो र खैरो रङ्ग मिसिएका बोएर क्रस जातको बाख्रा आकर्षक पनि थिए ।



हेटौँडाको सिमलथली एग्रो फार्मबाट गाडीमा पाँच घण्टा लगाएर ती बाख्रा ल्याइएको थियो । कानमा पहेँलो रङ्गको मुद्रा (बीमा गरिएको सङ्केत नम्बर) लगाइएका ती बाख्रा गाडीभित्र कराउन थाले । नगर प्रमुख उपेन्द्रकुमार पोखरेल, उपप्रमुख मञ्जु देवकोटा, नगर पशु विकास शाखा प्रमुख रोशन कोइरालालगायतले गाडीमा रहेका ८३ वटा बाख्रा झारेर कार्यालय पछाडि रहेको खुल्ला जमिनमा चराउन थाल्नुभयो । सोही ठाउँमा कनपा-११ का वडाध्यक्ष रामबहादुर थिङ्ग र कनपा-१२ का वडाध्यक्ष भीमबहादुर गुर्मछानेले आ-आफ्नो वडामा रहेका विपन्न तथा एकल महिलालाई लिएर आउनुभयो । नगर प्रमुख पोखरेल र उपप्रमुख देवकोटाले ४० जना लक्षित वर्गलाई चरिरहेका बाख्रा प्रदान गर्नुभयो ।

उन्नत जातका बाख्रा पाएपछि किसानहरुले खुशी व्यक्त गरेका छन् । कनपा-१२ भ्याकुरेका देवीबहादुर आलेमगरले बीमा गरिएको सङ्केत नम्बर ४८४७ र ४८७० को बाख्रा पाउनुभयो । नगरबाट निशुल्क बाख्रा पाउँदाको खुसी उहाँको अनुहारमा छरपष्ट छरिएको थियो । उहाँले भन्नुभयो, "व्यावसायिक रुपमा बाख्रा पाल्ने रहर थियो, किन्ने क्षमता थिएन । आज सरकारले दुई वटा बाख्रा दिएको छ, अब यसैलाई बढाउँदै धेरै बनाएर पाल्ने हो ।" अब बाख्रापालनको लागि खोर बनाउन सहयोग गरिदिए सहज हुने उहाँले बताउनुभयो ।

विपन्न तथा एकल महिलाको आर्थिक जीवनस्तर माथि उठाउन व्यावसायिक बाख्रापालनलाई प्रोत्साहन गर्ने नगरको प्राथमिक योजनामा छ। सोही योजनाअनुरुप चालु आर्थिक वर्षमा विपन्न लक्षित बाख्रा अनुदान कार्यक्रम सञ्चालन गरिएको हो । यस कार्यक्रमका लागि चालु आवमा रु.६० लाख बजेट विनियोजन भएको छ । विनियोजित बजेटले दुई सय आठ ओटा बाख्रा खरिद गरेर कनपाका पाँच वडामा वितरण गर्ने कार्य सुरु भएको पशु विकास शाखाका प्रमुख कोइरालाले जानकारी दिनुभयो ।

विद्युतीय प्रणाली बिजक (इलेक्ट्रोनिक विलिङ) मार्फत रु.५९ लाख ८० हजारमा दुई सय आठ ओटा बाख्रा खरिद गरिएको थियो । त्यसमध्ये एक सय २८ ओटा बाख्रा वितरणको प्रक्रियामा छ । किसानलाई व्यावसायिक बाख्रापालनमा प्रोत्साहन गरेर जिल्लालाई मासुमा आत्मनिर्भर बनाउने र विपन्न तथा एकल महिलालाई आर्थिक उपार्जनमा सबल बनाउने कार्यक्रमको उद्देश्य रहेको छ । नगर पशु विकास शाखाका अनुसार बोयर जातको बाख्राको पाठा-पाठी छिटो-छिटो बढ्ने र हुर्कने गर्दछन् । यसको तौल दैनिक दुई तीन सय ग्रामसम्म बढ्दै जान्छ । गाउँघरमा अन्य बाख्रा जस्तै गरी स्थानीय घाँस दाना खुवाएर पाल्न सकिन्छ ।

बाख्रा वितरणको लागि कमलामाई नगरपालिकाले मापदण्ड बनाएको छ । वितरण मापदण्डअनुसार वडा समितिले निर्णय गरेर, गरेको सिफारिसअनुसार उन्नत जातका बाख्रा वितरण भएको छ । वितरण गरिएका बाख्राको बसाई व्यवस्थापनको लागि खोर निर्माण र आहारा तथा पालनपोषणमा पनि सहयोग गर्ने लक्ष्य रहेको कनपा उपप्रमुख तथा नगर कृषि संयोजक मञ्जु देवकोटाले बताउनुभयो । उहाँले भन्नुभयो, "कृषि तथा पशुपालनको लागि वडा-वडामा प्राविधिक खटाएका छौँ । नगरले आगामी दिनमा आवश्यकताको आधारमा सहयोग गर्नेछ ।"रासस

# तराईको गर्मीमा पनि लटरम्म स्याउ

घोडाघोडी । तराईको प्रचण्ड गर्मीमा स्याउ फल्यो भनेको सुन्दा अचम्म लाग्नसक्छ, तर कैलालीको लम्कीचुहा नगरपालिका-९ प्रतापपुरका एकजना किसानको बगैँचामा लटरम्म स्याउ फलेका छन् । चिसो हावापानी भएको ठाउँमा मात्रै स्याउखेती हुँदै आए पनि तराईको गर्मीमा किसान गोकर्ण ओलीले लटरम्म स्याउ फलाउनुभएको छ ।

किसान ओलीले फलाउनुभएको (हर्मन ९९) जातको स्याउ ४८ डिग्री सेल्सियस तापक्रम भएको ठाउँमा लगाउन सकिन्छ। उहाँले तीन बिघा जग्गामा व्यावसायिक रूपमा नै स्याउखेती गर्नुभएको छ। कैलालीमा उहाँले पहिलोपटक व्यावसायिक रुपमा नै स्याउखेती गर्नुभएको छ। विसं २०७८ माघमा ओलीले भारतको हिमाचल प्रदेशको विलासपुरबाट स्याउका बिरुवा ल्याएर रोप्नुभएको हो। रोपेको एक वर्षमा नै सबै बोट फुलेका बताउँदै उहाँले भन्नुभयो, "अहिले फुलेको स्याउलाई औषधि हालेर झारेको छु, अघिल्लो वर्ष पनि परीक्षणका रूपमा २० बोटमा मात्र फलाएको थिएँ, अहिले पनि तीस-चालीस बोटमा मात्र फलाएको छु।"

उहा'का अनुसार बिरुवा लगाएको दुई वर्ष पूरा भएको छ, अर्को वर्षदेखि एक बोटबाट आठदेखि १० किलोग्रामसम्म आम्दानी लिन सकिनेछ। बिरुवा लगाएको तीन वर्षपछि मात्रै आम्दानी गर्न सकिन्छ भने पा'च वर्षपछि भने एउटै बोटमा ५० देखि एक सय किलो ग्रामसम्म स्याउ फल्ने गर्दछ ।तराईका क्षेत्रमा नौलो मानिएको स्याउखेतीका लागि हालसम्म ८० लाख लागत लागिसकेको ओलीले बताउनुभयो। ओलीले स्याउसँगै अम्बा र बयर पनि रोप्नुभएको छ। एक हजार दुई सय स्याउ, पाँच सय अम्बा र एक सय बयर उहाँले लगाउनुभएको छ।

तराईमा पनि स्याउ फल्ने विषय इन्टरनेटका माध्यमबाट थाहा पाएको बताउँदै ओलीले भन्नुभयो, "कृषि निर्देशक यज्ञराज जोशीको सल्लाहले मैले यो खेती गर्ने हौसला पाएँ र मलाई काम गर्न सहयोग मिल्यो।"हाललाई अम्बा र बयर बेचेर आम्दानी गरिरहनुभएका ओलीले स्याउको बेर्नाबाट पनि आम्दानी लिइरहनुभएको छ। प्रतिबेर्ना रु तीन सयका दरले बेचेको बताउँदै उहाँले भन्नुभयो, "हालसम्म एक हजार आठ सय बेर्ना बेचिसकेको छु।"

ओलीका अनुसार सिरहा, सप्तरीलगायत तराई क्षेत्रबाट र सिन्धुपाल्चोकबाट पाँच सय बिरुवा किन्न किसान आएका थिए तर पहाड क्षेत्र भएकाले बेर्ना बेचिएन।

ओलीले प्रदेश कृषि निर्देशनालय र कृषि ज्ञान केन्द्र कैलालीबाट रु १५ लाख अनुदानसमेत पाउनुभएको छ। स्याउखेती गर्दाको सुरुआतमा नै बिरुवा खरिदका लागि प्रदेश कृषि निर्देशनालयले रु चार लाख दिएको बताउँदै उहाँले भन्नुभयो, "कृषि ज्ञान केन्द्र कैलालीले तारबारका लागि रु ११ लाख पचास हजार अनुदान दिएको थियो र हाल सिँचाइका लागि ज्ञान केन्द्रले रु चार लाख २८ हजार अनुदान दिएको छ।"

विगतमा कञ्चनपुरको भीमदत्त नगरपालिका-४ भासीमा बस्दै आउनुभएका ओली स्याउखेती गर्नका लागि कैलालीको प्रतापपुरमा आउनुभएको हो। उहाँले रु एक करोड ४६ लाखमा जमिन खरिद गरी स्याउखेती थाल्नुभएको हो। सुरुमा तराईमा स्याउ लगाउनेभन्दा छिमेकीले विश्वास नगरे पनि अहिले बगैँचामा फलेको स्याउ हेर्न विभिन्न ठाउँबाट मानिस आउने गरेका छन्। आफूले गरेको खेती सफल भएमा त्यसलाई बढाउँदै लैजाने उहाँले भन्नुभयो ।रासस

# सिटिजन्स बैंक र दुसित प्रिन्सेस काठमाडौं बीच समझदारी

टुडे समाचारदाता

जनकपुरधाम । बिगत सत्र वर्षदेखि आम नेपाली सर्वसाधरण ग्राहकवर्गहरुको घरदैलोमा सर्वसुलभ बैंकिङ्ग सेवा पुर्याउँदै आएको सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र लाजिम्पाट, काठमाडौं स्थित दुसित प्रिन्सेस काठमाडौंबीच सिटिजन्स बैंकका ग्राहकहरूलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ।




सो समझदारी पत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्ड बाहक र मोबाइल बैंकिङ्ग ग्राहकहरूले दुसित प्रिन्सेस काठमाडौंमा १५% सम्मको आकर्षक छुट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरु लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ। बैंकले डिजिटल बैंकिङ्ग माध्यमहरुको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहक मैत्री सुविधाहरु सञ्चालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्तगर्न सकिनेछ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी रहेका आफ्ना १९० वटा शाखा, १५३ वटा ए.टि.एम. र ९८ वटा शाखा रहित बैंकिङ्ग ईकाईहरुबाट १७लाख३८हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदानगर्दै आएको छ। हाल ५५ जिल्लामाआफ्नो सेवाप्रदानगर्दै आएको सिटिजन्स बैंक इन्टर नेसनल लिमिटेडले यसै आर्थिक वर्ष थप७शाखाहरु विस्तार गरेर आगामी दिनमा देशको ६० वटा जिल्लामा सेवा प्रदान गर्नेछ।

# बजारमा माग बढेपछि जुनेलो र फापरखेती गर्दै किसान

गलेश्वर । बजारमा माग बढेपछि पश्चिम म्याग्दीको ग्रामीण क्षेत्रका किसान जुनेलो र फापरको व्यावसायिक खेतीमा लागेका छन् ।

जिल्लाका मङ्गला, मालिका र धौलागिरि गाउँपालिकाका एक दर्जनभन्दा बढी पहाडी गाउँका किसान व्यावसायिक खेतीमा लागेका हुन् । पछिल्लो समय बजारमा जुनेलो र फापरको माग ह्वात्तै बढेको छ। विशेषगरी सहरिया उपभोक्ताको दैनिक उपभोग्य वस्तुका रुपमा जुनेलो र फापरको परिकार बन्ने गरेको छ। त्यसैले ग्रामीण क्षेत्रमा किसानले यी वस्तुको व्यावसायिक खेती सुरु गरेका छन्। दुई/चार वर्षअघिसम्म सहर बजारमा यी वस्तुलाई अखाद्य वस्तुका रूपमा हेरिन्थ्यो। त्यसले खेती पनि क्रमशः कम हुँदै गएको थियो। पछिल्लो समय माग बढ्दै गएपछि खेती बढाएको मालिका गाउँपालिका- २ का किसान टेकबहादुर विकले बताउनुभयो।

पश्चिम म्याग्दीका प्रायःसबै गाउँमा जुनेलो र फापरखेती हुने भए पनि पछिल्लो समय किसानले खेती गर्न छाडेका थिए। विगत पाँच वर्षयता बजारमा जुनेलो, फापर, भाँगो र रातो सिमीको माग बढ्दै गएपछि किसानले अरु बाली छाडेर बजारमा बिक्री हुने र राम्रो मूल्य पाइने भाँगो, जुनेलो र फापरको खेती विस्तार गरेको विकले जानकारी दिनुभयो ।"केही वर्षअघिसम्म जुनेलो खासै बिक्री हुँदैन थियो, त्यसैले खेती गर्न छाडेका थियौँ तर अहिले घरमै खरिद गर्ने व्यापारी आउने गरेका छन्", विकले भन्नुभयो। विकलगायत रुमका प्रायः सबैले भाँगो, जुनेलो र फापरखेती गरेका छन्। जुनेलो बजारमा प्रतिपाथी रु चार सयका दरले बिक्री हुने उहाँले बताउनुभयो।

त्यसैगरी फापरको पनि बजारमा माग बढेको छ । विशेषगरी उपभोक्ताले तीते फापर खोज्ने भएकाले किसानले पनि तीते फापरकै खेती बढाएका छन् । पहिले पहिले गाउँघरमा सागका लागि तीते फापरखेती गर्ने गरेको किसान बताउँछन् । पछिल्लो समय बाली लिनकै लागि खेती सुरु गरिएको मङ्गला-५ की गोमा रोकाले बताउनुभयो । "हाम्रो बारीमा पहिले तीते फापर फल्दैन थियो", रोकाले भन्नुभयो, "आफैँले खाजामा रोटी खानका लागि मिठे फापर लगाइन्थ्यो ।" रासस


## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति: २०८१/०२/०४

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको (साविक सहयोगी विकास बैंक लि.) शाखा कार्यालय जलेश्वर, महोत्तरीबाट तपसिलमा उल्लेखित तपाई ऋणीले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले मिति वि.सं. २०८०/११/०२ मा नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ, ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय जलेश्वर, महोत्तरीमा दिउँसो १:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराईएको छ।

### तपसिल

**कर्जा शिर्षक : सिटिजन्स मोर्गेज लोन (आवधिक)**

**ऋणीको नाम र ठेगाना**
- **नाम : महादेव चौधरी**
- बाबु : रामविलाश चौधरी
- बाजे : गंगाराम चौधरी
- पत्नी : आशा कुमारी
- ठेगाना : पिपरा-६, महोत्तरी
- हालको ठेगाना : पिपरा गाउँपालिका-४, महोत्तरी
- ना.प्र.नं. : ७३९५३२०५
- जारी मिति : वि.सं. २०४५/०१/०१
- जि.प्र.का : महोत्तरी

**जमानीकर्ताको नाम र ठेगाना**
- **नाम : आशा कुमारी**
- बाबु : सत्य नारायण चौधरी
- ससुरा : रामविलाश चौधरी
- पति : महादेव चौधरी
- ठेगाना : पिपरा-५, महोत्तरी
- हाल को ठेगाना : पिपरा गाउँपालिका-४, महोत्तरी
- ना.प्र.नं. : १८-१-०१७/१४८१
- जारी मिति : २०६७/०८/१५
- जि.प्र.का : महोत्तरी

**धितो राखिएको सम्पत्तिको विवरण:**

**धितो सुरक्षण धनीको नाम :- महादेव चौधरी**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं | कि.नं. | क्षेत्रफल (व.मि) | कैफियत |
|---|---|---|---|---|---|
| महोत्तरी | पिपरा | ५ | १०९ | १०१।८४ | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । |
| | | | ११४ | १२९।४३ | |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैकले भुक्तानी माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ को दफा ५७ को उपदफा ७ का अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको अचल सम्पत्ति दा.खा रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय नारायणहिटी पथ वा शाखा कार्यालय जलेश्वर, महोत्तरीमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

**लिलाम खोलिने मिति :- २०८१/०२/२० गते, आइतबार**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय जलेश्वर, महोत्तरी।**

Citizens Bank

**मुख्य कार्यालय:**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोन: ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४५२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८

